मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



दस कैदिबन्दिहरुको सजाय मिनाहा
पृष्ठ ८ मा

वर्ष १ | अंक १०३ | २०७९ साल फाल्गुन ८ गते सोमबार | Monday 20, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# मानअधिकार उल्लंघनका घटना बढ्दै

## *हत्याका घटनामा ह्वातै वृद्धि, बलात्कारमा सामान्य कमी*

प्रमोद साह

जनकपुरधाम, ७ फागुन। मधेश प्रदेशमा बलात्कारको घटनामा सामान्य कमी आएको छ भने हत्या घटना ह्वातै बढेको छ।

औपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्यांक अनुसार सन् २०२१ मा २३४ बलात्कारको घटना भएको छ भने २०२२ मा ५ ले कमी भएको २२९ वटा बलात्कारको घटना भएको छ। हत्यातर्फ गत वर्षको तुलनामा १७ वटा बढेको छ। वर्ष २०२१ मा ७४ वटा रहेको छ भने २०२२ मा ९१ जनाको हत्या भएको हो।

इन्सकेको दुई वर्षको तथ्यांकलाई केलाउंदा वर्ष २०२२ मा बालबालिका १६२ र महिला ६७ जना बलात्कार घटनाका पीडित रहेका छन् भने २०२१ मा बालबालिका १५६ र महिला ७८ जना बलात्कृत भएको थियो। यी तुलनात्मक रुपमा हेर्दा दुई वर्षमा महोत्तरी, सर्लाही, रौतहट र बारा बढेको छ भने सप्तरी, सिरहा, धनुषा र पर्सामा घटेको छ।

> *“सन् २०२२ मा बालबालिका १६२ र महिला ६७ जना सहित २२९ बलात्कार घटनाका पीडित रहेका छन् भने २०२१ मा बालबालिका १५६ र महिला ७८ सहित २३४ जना बलात्कृत भएको थियो। यी तुलनात्मक रुपमा हेर्दा दुई वर्षमा महोत्तरी, सर्लाही, रौतहट र बारा बढेको छ भने सप्तरी, सिरहा, धनुषा र पर्सामा घटेको छ। तथ्यांक अनुसार सबभन्दा बढी बारामा जिल्लामा बढेको छ भने सिरहा धेरै नै कमी आएको छ।*

तथ्यांक अनुसार सबभन्दा बढी बारामा जिल्लामा बढेको छ भने सिरहा धेरै नै कमी आएको छ। बारामा जिल्लामा २०२१ मा २० बाट बढेर ४३ पुगेको छ भने सिरहामा ६५ बाट झरेर सो संख्या ३४ पुगेको छ। इन्सेकको मानवअधिकार वर्ष पुस्तक अनुसार २०२१ मा महोत्तरीमा १३, सर्लाहीमा ५, रौतहटमा ३१, महोत्तरीमा ३१, सर्लाहीमा ९, रौतहटमा ४३ र बारामा ४३ भएको छ। कमी भएका जिल्लाहरुमा सप्तरीमा २६ मा २७ भएको छ भने धनुषामा ३३ रहेको १४ मा र पर्सामा ४० रहेकोमा ३२ मा झरेको छ।

मानवअधिकार वर्ष पुस्तक २०२३ अनुसार वर्ष २०२२ मा बारामा ३३ बालबालिका र १० महिला सहित ४३ जना बलात्कृत भएको छ। त्यसपछि क्रमागत आधारमा रौतहटमा ३० बालबालिका र १० महिला सहित ४० जना, सिरहामा २१ बालबालिका र १३ महिला सहित ३४ जना, पर्सामा २१ बालबालिका र ११ सहित ३२ जना, महोत्तरीमा २४ बालबालिका र ७ महिला सहित ३१ जना, सप्तरीमा १८ बालबालिका र ८ महिला सहित २६ जना, धनुषामा ७/७ जना बालबालिका र महिला सहित १४ जना, सर्लाहीमा ८ बालबालिका र एक महिला सहित ९ जना बलात्कर घटनाबाट पीडित भएका छन्।

यस्तै हत्यातर्फ राज्य पक्षबाट २ र गैर राज्य पक्षबाट एक नवजात शिशु सहित ८९ गरी ९१ जनाको हत्या भएको छ भने गत वर्ष २०२१ मा ७४ जनाको हत्या भएको थियो।

तथ्यांक अनुसार प्रदेशका धनुषा र सर्लाही बाहेक सबै जिल्लामा हत्याको घटना बढेको छ। धनुषामा २०२१ मा २० जनाको हत्या भएको थियो भने घटेर २०२२ मा १५ मा पुगेको छ। त्यस्तै सर्लाहीमा १३ वटा भएकोमा घटेर ९ मा झरेको छ। सन् २०२१ मा सप्तरीमा ८, सिरहामा ९, महोत्तरीमा ६, रौतहटमा ५, बारामा ८ र पर्सामा ५ जनाको हत्या भएको थियो भने २०२२ मा सप्तरीमा ११, सिरहामा १४, महोत्तरीमा ११, रौतहटमा ८, बारामा एक शिशु सहित १७ र पर्सामा ६ वटा हत्याको घटना भएको छ।

हत्या र बलात्कार जस्ता घटनामा वृद्धि हुनुको प्रमुख कारण चाहिं शिक्षा र कडा कानूनको आभावले मानिसको मनोविज्ञान र मनोवृतिमा आउने गरेको अपराधिक घटनाको उपज हो। यसको न्यूनीकरणका लागि सचेतना र सामाजिक तथा परिवारिक संस्कारको आवश्यकता रहेको सरोकारवाला निकायको भनाई छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरिक्षक महेन्द्रकुमार श्रेष्ठले भने अपराधिक घटनाको यही नै कारण हो भन्न ठ्याक्कै भन्न सकिन्न। तर मान्छेको मनोवृति र मनोविज्ञानले श्रृजना हुने द्वन्द, रिसवी र आवेश तथा सामाजिक संरचनाले हत्या जस्ता अपराधिक घटना हुने गरेको अहिलेसम्मको अनुसन्धानले देखाउंछ।

बलात्कार घटनामा बढी बालबालिकालाई शिकार हुने गरेको कारण बारे प्रवक्ता श्रेष्ठले भने यसमा पनि सामाजिक तथा पारिवारिकद्वन्द र मनोविज्ञान तथा मनोवृतिले मानिसको मनस्थितिमा उत्पन्न हुने अपराधिक प्रवृतिले पनि बलात्कारको घटनामा वृद्धि हुन गएको हो। बलात्कारको घटना न्यूनीकरणका लागि शिक्षा र सचेतना बढाउनुका साथै पारिवारिक संस्कारमा परिवर्तन पनि आवश्यक छ। जबसम्म आम मानिसमा शिक्षा र सचेतनाको विकास गरिएन भने तबसम्म यस्ता अपराधिक घटनाको बढदै नै जानेछ। बदलिंदो परिस्थितिमा न्यायका लागि समाजमा आएको परिवर्तनले पनि अपराधिक घटनाको संख्यामा विगत केही वर्षदेखि वृद्धि भएको हो, यसअघि समाजमै मिलाउने गरेको कारण र धाकधम्कीले दबाउने गरेको कारणले प्रहरीसम्म घटना पुग्ने गरेको थिएन। जे भएपनि प्रहरीले अनुसन्धानमा सफलता हासिल गर्दै आएको उनको

- बाँकी पृष्ठ ६ मा

# प्रहरी प्रशासनको सेटिङ्गमा तस्करी

# लक्ष्यको १८ प्रतिशत राजस्व

*कारोबार गर्नेहरु भन्छन् –प्रहरी प्रशासनलाई मासिक लाखौं रुपैयाँ बुझाएपछि लाइन खुल्छ, अनि मालसामान ओसारपसार गर्न पाइन्छ*




मुकेश कुमार यादव

सिरहा ७ फागुन।

सिराहामा प्रहरी प्रशासनकै सेटिङ्गमा व्यापक चोरी,तस्करी बढेको छ भने भंसार कार्यालयको राजस्व लक्ष्य भने नराम्ररी खुम्चिएको छ। प्रहरी प्रशासन,भंसारका कर्मचारीहरु र तस्करबीचको मिलेमतोमा देखावटी रुपमा तस्करले ल्याइएका केही समानको राजस्व तिर्ने र अरु मालसमानको राजस्व नै नतिरी लग्ने गरेको छन्। चालु आर्थिक ७ महिना वितिसक्दा पनि भन्सार कार्यालयले लिएको लक्ष्यको १८ प्रतिशत मात्र राजस्व उठेको छ।

जिल्लाको माडर,औरही, बरियार पट्टी नरगी, कुसन्डी, झाझपट्टी, चतरी, कल्याणपुर, पटेर्वा लगायतका नाका तथा चोरबाटो प्रयोग गरी यस क्षेत्रमा व्यापक चोरी तस्करी बढेपछि भन्सार कार्यालय माडरको राजश्व असुली अवस्था निरन्तर खस्किदै गइरहेको देखिएको हो।

सिरहा भन्सार कार्यालय माडर खैरटोका ,सिराहाले चालु आर्थिक वर्ष २०७९/०८० को साउन महिनामा एक करोड ३३ लाख ५५ हजार लक्ष्य रहेकोमा लक्ष्यको २३ प्रतिशत ३० लाख ७४ हजारमात्र राजश्व रकम असुली गरेको देखिन्छ। त्यस्तै भदौ महिनामा एक करोड ६६ लाख ५ हजार लक्ष्य लिएकोमा लक्ष्यको २० प्रतिशत ३३ लाख ० हजार, असोज महिनामा एक करोड ६७ लाख ८ हजार लक्ष्य रहेकोमा लक्ष्यको २७ प्रतिशत ४४ लाख ५३ हजार, कात्तिक महिनाको एक करोड ५९ लाख ४७ हजार लक्ष्यको ३० प्रतिशत ४७ लाख ८० हजार, मंसिर महिनाको एक करोड ६ लाख २२ हजार लक्ष्यको २५ प्रतिशत ४२ लाख ८ हजार र पुस महिनाको एक करोड ७७ लाख ७२ हजार लक्ष्यको ५७ प्रतिशत एक करोड २ लाख ११ हजार मात्र राजश्व असुली भएको र माघ महिनामा १ करोड ७० लाख ३८ हजार लक्ष्य लिएकोमा लक्ष्यको ३८ प्रतिशत रकम मात्र असुली भएको छ।

भन्सार कार्यालय माडर खैरटोकाको वार्षिक भंसार राजस्व लक्ष्य १९ करोड ९५ लाख ४६ रहेकोमा ७ महिनामा ३ करोड ५ लाख ८८ हजार रुपैया मात्र राजस्व संकलन भएको छ। जुन लक्ष्यको १८ प्रतिशत मात्र हो। ७ महिनामा १८ प्रतिशत मात्र

- बाँकी पृष्ठ ६ मा

# विद्यालयमा राजनीतिक भर्ती

*विद्यार्थीहरुले बस्ने बेन्च छैनन्, बालबालिकाहरु भुइँमै बसेर अध्ययन गर्दछन्। दुई जना राहत, एक जना बालविकास तथा १ जना कार्यालय सहयोगी छदैं थिए। हालैमात्र प्रधानध्यापक आफू सहीत  एक शिक्षक र दुई सहायक लिएर विद्यालयमा आएका छन्।*

मधेशदृष्टि

वीरगंज ७ फागुन।



पर्सा जिल्लाको पोखरिया नगरपालिका वडा नं. ५ स्थित एक प्राथमिक विद्यालय राजनीति चपेटामा परेको छ। वडा अध्यक्षदेखि पार्टीका नेता कार्यकर्ता एवं नगरपालिकाका मेयरसम्मको विद्यालयमा राजनीतिकरण चलेको छ।

ग्रामीण क्षेत्रका बालबालिकाहरुलाई शिक्षा हासिल गर्न सदरमुकाम वीरगंज धाउनुपर्ने बाध्यतालाई न्यूनीकरण हुने उद्देश्य सहित वि.स. २०६२ सालमा पोखरिया नगरपालिका वडा नं. ५ सतवरिया स्थित श्री राधाकृष्ण नेपाल राष्ट्रिय प्राथमिक विद्यालय संचालन गरिएको हो। स्थापनादेखी राम्रोसँग सचालन हुँदै आएको विद्यालय स्थानीय तहको मातहतमा विद्यालयहरु आएदेखि राजनीतिकरणको चपेटामा परेको स्थानीय बताउँछन्।

स्थानीय तहका जनप्रतिनिधहरुले आफ्नो पायक पर्ने शिक्षकलाई ल्याउने र कायकर्तालाई भर्ति गर्नाले विद्यार्थीहरुको भविष्य अन्धकारमा पर्ने त होइन भन्दै स्थानीयहरु चिन्तित भएका छन्। कक्षा १ देखि ५ सम्म पढाई हुने विद्यालयमा जम्मा १ सय ८७ जना विद्यार्थीहरु अध्ययनरत रहेको रेकर्ड छ। तर विद्यालयमा उपस्थिति हुने विद्यार्थीको संख्या भने ६०, ७० को हाराहारीमा देखिन्छ।

स्कुलमा विद्यार्थीहरुलाई बस्नको लागि बेन्च छैनन्, बालबालिकाहरु भुइँमै बसेर अध्ययन गर्ने गरेका छन्। तर, स्कुलमा शिक्षकहरु भने ८ जना छन्। २ जना राहत, १ जना बालविकास तथा १ जना कार्यालय सहयोगी कार्यरत रहँदै आएकोमा हालैमात्र ४ जना थपिएका छन्। निम्न माध्यमिक तहका स्थायी शिक्षक लालबाबु प्रसाद चौहान प्रधानाध्यापक भएर विद्यालयमा हाजिर भएका छन्। उनले एक्लै होइन, थप ३ जना कर्मचारीलाई सँगै लिएर गएका छन्।

पहिलाकै ४ जना शिक्षकहरु अध्यापन गराउँदै आएकोमा अहिले १ जना स्थायी शिक्षक, २ जना कार्यालय सहयोगी सहित शिक्षक, कर्मचारी गरेर ८ जना छन्।

प्रधानाध्यापक चौहान पनि त्यहीं वडाका बासिन्दा हुन्। चौहान आफूले पुच्छर समातेको नेताको आशिर्वादमा प्रधानाध्यापक भएर आएकोले उनको इसारामा विद्यालयमा कार्यकर्ता भर्ने काम गरिएको हो।

प्रधानाध्यपाक चौहानले वडा नं. ५ का वडाध्यक्ष महिन्द्र महतो चाँईको निर्देशनमा विना कुनै नियम प्रक्रिया पुरा गरि ३ जना कर्मचारीलाई विद्यालयमा काम गराई रहेका छन्। न कुनै सूचना, न कुनै नियुक्ति, सिधै कक्षा कोठामा आएर बालबालिकालाई अध्यापन गराउने र कार्यालय सहयोगीले खाजा बनाउने, पानी ल्याउँने काम गरि रहेको देखिन्छ।

विना कुनै जानकारी विद्यालयमा ४ जना कर्मचारी थपिएपछि स्थानीयहरुले विरोध गरेका छन्। वडाध्यक्षको इसारामा प्रधानाध्यापकले कुनै नियम प्रक्रिया नै पुरानगरी शिक्षकलाई अध्यापन गराउन लगाएको स्थानीय संजय कुमार साहले जानकारी दिए।

उनका अनुसार विद्यालयमा शिक्षकको आवश्यकता भएमा नियम प्रक्रिया पुरा गरि शिक्षक भर्ना गर्नुपर्ने हुन्छ। वडाध्यक्षको निर्देशनमा हावा तालमा जो सुकै व्यक्ति पनि आएर विद्यालयमा अध्यापन गराउने कार्यले भोलीका दिनमा विवाद हुनसक्ने र कार्यकर्ता भर्ति केन्द्रको रुपमा परिणत हुने भएकोले यसलाई तत्काल सच्याउनुपर्ने माग उनको छ।

विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्ने मनसाय नै छ भने गाउँभेला गरेर कुनै ठोस निर्णय गरेर मात्रै अगाडि बढ्नुपर्ने साहको भनाई छ। नत्र वडाध्यक्षले जो सुकैलाई पठाउँदैमा आएर अध्यापन गराउने कार्य बन्द हुनुपर्ने बताए। यहाँका अधिकाँश नागरिकहरुको बालबालिकाहरु शिक्षा हासिल गर्नका लागि वीरगंज धाउनु परेकोले गाउँघरका विद्यालयहरुमा गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने बताए।

यसैगरि अर्का स्थानीय अब्देयल आलमले विद्यालयमा निःशुल्क सेवा दिने नाममा पार्टीका कार्यकर्ताहरुलाई भर्ति गर्ने कार्य भएकोले यसलाई तत्काल रोक्नुपर्ने माग गरे। उनले प्रधानाध्यापक चौहान विद्यालयमा हाजिर भएको एक महिना नवित्दै विद्यालयमा निःशुल्क सेवा दिने व्यक्तिहरुको घुइँचो लागेको व्यङ्गयात्मक प्रतिक्रिया दिए। यहाँसम्म कि निःशुल्क

- बाँकी पृष्ठ ६ मा



# युवाले नेतृत्व गरेका संस्थाहरुको संस्थागत विकासको लागि अन्तरक्रिया

मुकेश कुमार साह

चन्द्रपुर,७ फागुन । युवाले नेतृत्व गरेका नागरिक संस्थाहरुको संस्थागत विकासको लागि २ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

राष्ट्रिय कृषक समूह महासंघ नेपालको आयोजनामा रौतहटको चन्द्रनिगाहपुरमा कार्यक्रम भएको हो । कार्यक्रममा युवा कल्वमा आवद्ध दुई जिल्लाका पदाधिकारीहरुको सहभागिता रहेको थियो । बारामा संचालित युवा साझेदारी केन्द्र,साईनिङ युवा क्लव,श्री जनमुखी युवा चारपाते ,जोरलाइ जनहित युवा क्लब,श्री बजरंगी युवा क्लबका प्रतिनिधीले कार्यक्रममा सहभागिता जनाएका थिए । यस्तै रौतहटबाट मिसन साक्षर युथ कल्व,घोडिदेवी युथ कल्वका प्रतिनिधीहरुको उपस्थिती थियो । सो तालिम भि.ए.सो र युके.एडको सहयोगमा भएको हो । कार्यक्रममा कृषी ऐन स्थानियमा लागु गर्ने, किसान परिचयपत्र तथा किसान वर्गीकरण,पोषण



बगैचा तथा व्यवहार परिवर्तित सम्बन्धी छूलफल समेत गरिएको थियो । कार्यक्रममा प्रशिक्षक केदार कोईरालाले तालिम दिएका थिए । स्थानियतहमा कृषि ऐन निर्माणका साथै किसान पहिचान सहितको वर्गीकरण र परिचयपत्र बितरण सम्बन्धमा कार्यक्रम गरिएको कार्यक्रम प्रबन्धक समेत रहेका कोईरालाले जनाए । स्थानियतहमा रहेको कानुनहरुको बिश्लेषन सहित सामाजीक सवालहरूको पहिचान गरी लक्षित किसानहरुलाई न्याय पुर्याउन सो कार्यक्रम गरिएको उनको भनाई छ ।

कार्यक्रममा स्थानियतहमा युवाहरूको संलग्नता बढाई समाज परिवर्तन गर्ने भनि योजना निर्माण गरिएको हो ।

साथै युवाले नेतृत्व गरेका नागरिक संस्थाहरुको संस्थागत विकासको लागि योजना निर्माण गरी स्थानियतहमा युवाहरूको क्षमता कार्यमूलक विकास र संलनग्ता बारेमा पनि छलफल गरिएको परियोजना अधिकृत अङ्किता नेपालले जनाए ।

कार्यक्रममा विशेषगरी कृषि संग सम्बन्धित बिषय बस्तुमा प्रकाश पारिएको केन्द्रीय सदस्य बलराम साहले बताए ।

कार्यक्रममा कृषक समूह महासंघ नेपालका सामुदायिक स्वयंसेवक कबिता बन्जारा,सबिना ओस्ती, प्रदिप माझि तथा परियोजना सहजकर्ता नथुनी माझिले कार्यक्रमको सहजिकरण गरेका थिए ।

# प्रजातन्त्र दिवसको अवसरमा रौतहटमा ११ जना कैदी रिहा

आरके श्रीवास्त्व

गरुडा,७ फागुन । रौतहट जिल्लामा ७३ औँ राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा ११ जना कैदीबन्दीलाई आम माफि दिइ रिहा गरिएको छ । जिल्ला सदरमुकाम गौर स्थित कारागारमा विभिन्न घटनामा सजाय पाएर जेल जिवन विताइरहेका एघार जना कैदी बन्दीलाई आम माफि दिई आईतवार रिहा गरिएको हो । कारागार मुक्त हुनेहरुमा सवारी ज्यान मुद्दाका ८, खोटा मुद्राका २ र मोटरसाइकल चोरी मुद्दाका एक जना गरी ११ जना रहेको गौर कारागारका प्रमुख शम्भु यादवले जानकारी गराउनु भयो ।

सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले कैद सजाय माफी दिएपछि उनीहरू आइतबार कारागार मुक्त भएका हुन् ।

गौर कारागारमा जेल जीवन बिताइरहेका कैदी बन्दीमध्ये सवैभन्दा राम्रो आचरण भएको र आधी कैद भुक्तानी गरेका लाइ आममाफी दिने चलन छ । यिनीहरूको अचारणमा सुधार आएको र कैद भुक्तान गर्न थोरै समय रहेकोले उनीहरूलाई कारागारबाट रिहाइ गरिएको कारागार प्रमुख यादवले बताए ।

रौतहटको माधवनारायण नगरपालिका-२ विशाल सहनी सावारी ज्यान, देवाही गोनाहीका रामकिसुन महरा सावारी ज्यान, गरुडा न.पा. ६ बस्ने शेख भोला मोटरसाइकिल चोरी,भारत श्रीपुर बिहारका विकास जयसवाल



खोता मुद्रा, भारत श्रीपुर बिहारका अजय प्रसाद खोता मुद्रा, मौलापुर नपा ५ का कृष्ण भगत माली सावारी ज्यान,इशनाथ ४ का राकेश साह सावारी ज्यान,देवाही गोनाही २ का प्रभु साह तेली सावारी ज्यान,चन्द्रपुर ५ का पूर्वा लामा,सुनसरी बराहक्षेत्र ८ का युवराज आचार्य सवारी ज्यान,भारत छपरा ७ का प्रकाश कुमार सिंह सावारी ज्यान मुद्दा गरी एघार जनालाई कारागार मुक्त गरिएको कारागार प्रमुख यादवले बताए ।

# लोकतन्त्र र मधेश मुद्दाको मशाल जगाइ रहने तमलोपा अध्यक्ष लालको भनाई

मधेशदृष्टि

जनकपुरधाम, फागुन ७ गते । तराई-मधेश लोकतान्त्रिक पार्टीको अध्यक्ष वृषेशचन्द्र लालले तमलोपा लोकतन्त्र र मधेश मुद्दाको मशाल जलाइरहने बताएका छन् । आइतवार प्रजातन्त्र दिवसको अवसरमा तमलोपा धनुषा जिला कार्यसमितिले आयोजना गरेको वृक्षारोपण कार्यक्रमलाई सम्वोधन गर्दै अध्यक्ष लालले राजनीतिक दल तथा नेताहरू पदको बँटबाडा र त्यसको निमित्त लोकतन्त्रको स्वाभाविक अभ्यासलाई अवरोधित गर्ने कार्य गरिरहेको बताए । उनले भने,"नयाँ जेनरेसनको नेतृत्व क्षमता रोक्ने काम भइरहेको छ । सबैको ध्यान राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र कुर्सीमा छ । पदबारे सहमतिको कुरा हुन्छ तर लोकतन्त्रको संवर्द्धन र भ्रष्टाचारको अन्त्य गर्नबारे सहमति र एकजूट प्रयासको निमित्त कुनै चर्चा नै हुँदैन ।"

उनले मधेश मुद्दा मधेशको मात्र नरहि सम्पूर्ण देशको मुद्दा रहेको बताउदै पहिचान आधारित विविधताको सम्मान सहितको नव



राष्ट्रीयता, स्वशासन, समावेशिता, समानुपातिक प्रतिनिधित्व मधेशको मात्र होइन, सम्पूर्ण देशको मुद्दा रहेको बताए । मधेशको नाममा राजनीति गर्ने नेताहरू राजधानीमा पदको निमित्त दरबारहरुमा हार-गुहार गर्ने र मधेशमा आन्दोलनको भाषा बाँड्ने गरेका छन् । तर यथार्थमा उनीहरुले मधेश मुद्दा बिसाएका छन् । उनले भने,तमलोपा लोकतन्त्र र मधेश मुद्दाको मशाल जगाइरहने छ, अध्यक्ष लालले लोकतन्त्र र मधेश-थरुहटको मुद्दाप्रति प्रतिवद्ध सबैलाई एकजूट हुने आग्रह समेत गरेका थिए । कार्यक्रममा तमलोपा धनुषाको उपाध्यक्ष नारायण राउतको अध्यक्षतामा जनकपुरधाम उपमहानगरपालिका -१३ पिराडीको राजर्षि जनक माध्यमिक विध्यालयमा वृक्षारोपण गरिएको थियो र विद्यालयको हाताको चारैतिर गुलमोहर, आंवला, नीम, पतरख, लगायत २५ जातका विरुवाहरू रोपिएका थिए । प्रजातन्त्र दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा तमलोपाका सतीश दास, बिभा ठाकुर, विद्यालयका प्रधानाध्यापक बिनोद साहले अमर शहीदहरूप्रति श्रद्धांजली अर्पित गरेका थिए ।

तमलोपाका नेताहरू जोगी राय, हेमनाथ साह, भोलानाथ झा, रमेश अधिकारी, भागिरथ लाल इश्वर पंडित, राधिका चौधरी, सुनिता कर्ण, अंजना दत्त, श्याम मण्डल लगायत वृक्षारोपणमा सहभागी थिए ।

# दिवसको अवसरमा ऱ्याली र वृक्षारोपन

विनय कर्ण

सप्तरी, ०७ फागुन । प्रजातन्त्र दिवसको अवसरमा राजविराजमा आईतवार ऱ्याली निकालिएको छ । प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको नेतृत्वमा राजविराज स्थित गजेन्द्र चौकबाट विहान निकालिएको ऱ्याली नगरको विभिन्न भागको परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीको परिसरमा पुगेका थिए । ऱ्यालीमा प्रमुख जिल्ला अधिकारी थापा संगै सप्तरीका प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्की सहित सुरक्षा निकायका पदाधिकारीहरु, राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत प्रवीण, सरकारी निकायका कर्मचारीहरु, पत्रकार, बृद्धिजीवी र स्थानियबासी गरी तीन सय जनाको सहभागिता रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ऱ्याली पश्चात जिल्ला प्रशासन कार्यालय सप्तरीमा वृक्षारोपण गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए ।

# शरिरमा आगो लागेर महिला घाईते

मधेशदृष्टि

सप्तरी, ०७ फागुन । खाना पकाउने क्रममा शरिरमा आगो लागेर आईतबार सप्तरीमा एक जना महिला घाईते भएकी छन् । राजविराज नगरपालिका वडा नम्बर १३ स्थित भेल्ही पिपराही बस्ने २५ बर्षीया द्रोपतीदेवी यादव खाना पकाउँदै गर्दा साडीमा आगो लागि घाईते भएकी हुन् । आफ्नै घरमा मोटोको चुलोमा खाना पकाउने क्रममा साडीमा आगो सल्की ढाड भन्दा मुनि पछाडीको भाग जली घाईते भएकी उनलाई उपचारको लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए ।

# राजनितीमा नैतिकता र ईमान्दारिताको ठुलो खांचो छ : रमेश खरेल

मधेशदृष्टि

काठमाण्डौ,७ फागुन ।

नेपाल सुशासन पार्टीका केन्द्रीय अध्यक्ष रमेश खरेलले नेपालमा राजनितीमा नैतिकता र ईमान्दारिताको ठुलो खांचो रहेको बताएका छन ।

सुशासन पार्टीले ७३ औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा आईतवार केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष खरेलले एकले अर्कालाई सम्मान गर्न समेत नजान्नेले देश र जनतालाई कसरी नेतृत्व दिन सक्छन् । नैतिकवान र ईमान्दारले मात्र अब जनताका बिच खरो उत्रिन सक्छन उनले दावि गरेका छन । पछिल्लो चुनावले देखाएको मत परिणामले सबै मिलेर नयां सिराबाट आगाडी बढौं बताए ।

। आश र त्रास छोडेर सबै लाई आगाडी बढन आग्रह गर्नु भयो ।सम्पूर्ण त्याग गरेर सबै बढौ । उहाँले कुन ठुलो हो सानो हो नसम्झि एक्सचेञ्ज गरेर आगाडी बढौ । सबैलाई बातावरण बनाई दिन उनले अनुरोध समेत गरेका छन । फागुन मसान्त सम्म नयाँ टिम बनाई आगाडी बढन अनुरोध गर्नु भयो । रविबाट ठुलो आश थियो तर त्यो देखिएन ।अब हामी नै छौ । बैशाख १ गते नयां घोषणाका साथ आगाडी बढौ भनि अध्यक्ष खरेलले घोषणा गरेका छन । नेपाल सुशासन पार्टीका केन्द्रीय उपाध्यक्ष तुलाराज वस्यालले एक जना नेपाली जनता माथी ६८ हजार रुपैयाँ रिण छ। २०७४ सालदेखि ४.३ आर्थिक वृद्धिदर छ। भविष्यका पुस्ताले पनि अझै रिण मै रहने छन । कुशल नेतृत्व र सुशासनको अभावमा देश अधोगति तर्फ लागि रहेका छन



। अहिलेका राजनिती परिवेशबाट सुधार हुने लक्षण देखिएन उपाध्यक्ष बस्यालले बताएका छन ।

नेपाल आमा पार्टीका उपाध्यक्ष राजेन्द्र खनालले माटोलाई देश भक्तको रगत भन्दा बढि पसिना चाहिएको कुरा बताएका छन ।माटोको उत्तपादन बेगर संसार चल्दैन । राजनिती लाई पेशा बनाउनु दुराचारी हो । देशका वर्तमान नेतृत्वले आम नागरिकलाई उल्लु बनाई रहेका छन । सरकारले जनतालाई गाँस, वांस ,कपासको अलावा अब शिक्षा - स्वास्थ्य, रोजगारी , बति, बाटो र पानीको अनिवार्य व्यवस्थापन गर्नु पर्नेमा जोड दिएका छन । महत्त्वको अनि । एगरिकलचरल टुरिजम र एनिटाईम ट्रन्सपोटेसन को व्यवस्था नभए विकास सम्भव नभएको बताए । यो सवै राज्यले सञ्चालन गर्नु पर्छ । हामीसंग रमेश खरेल जस्ता ब्रान्ड छन ।

राज्यले ईनर्जि र एजुकेसन फ्रि गर्नु पर्दछ । सवै किसानलाई सुखि पार्ने सरकारले भनेको धेरै भयो । एउटा पेशा व्यवसाय नभएकालाई राजनिती जरुरी छैन ।

रविसंग एजेन्डा नै छैन । रविलाई यो स्थानमा ल्याउन चितवनले धक्का दिएकै हो । बाबुराम भट्टाराई २१ अर्बको हिसाब नमिलेर माओवादी छाडे अब फेरि फर्किएका छन । भट्टाराईले कम्तिमा साढे दस अर्बको हिसाब दिनु पर्दछ । यदि होईन भने नेताले झुठो बोल्नु पनि भ्रष्टाचार हो ।

नेपाल सुशासन पार्टीका समर्थक शिक्षाविद गंगा प्रसाद भेटवालले संगठन ,उत्पादन र समन्वय

नेपाली समाज विदेशीहरु गैर अवासियहरुले समन्वय भएको थियो । नेपाली राजनितीमा १२ दिनमा रविको समर्थन गैर अवासिय नेपालीले बढाएका हुन । अब नेपाली राजनीतिमा बाहिर गएकाहरुको भुमिका जरुरी रहेको बताए । रविलाई ईण्डिया र चाईनाले हेर्ने नजर बदलिएको छ ।

बाहिर बस्नेनेपालीलाई समेटन जरुरी बाबुराम पोखरेलले पेसा होईन सेबा हो मैले धेरै पहिले देखि चुनाब बहिष्कारमा थिए । तर यश वर्ष रमेश खरेल बेदाग व्यक्तिलाई भोट दिएकोछु ।

संगठन उत्पादन समन्वय वितरण राजनितीमा नैतिकता ईमान्दारीता लगनशीलताको खाचोछ । आफुलाई कसरी परिवर्तन गर्न सक्छ । रोगिले देशलाई कसरी राम्रो गर्न सक्छ । रमेश सर सबैलाई साथ दिनु पर्छ । लहैमा राजनैति होईन ।राजनितीमा

पांच एम चाहिन्छ मनि ,मेन पावर , मेकेनिजम, मोनिटर , मोटिभेसन । देशलाई राम्रो डा. चाहिन्छ । शिक्षक पढाइ रहेका छन ।राजनितीमा लागि रहेका छन ।भातृ संगठनको विरोधी म हो । अध्ययन पछि राजनीति , छोरा छोरी लाई राम्रो ।गास ,वास र कपास हो ।

एक दिन संसार छोडेर जानू पर्छ । मानिसमा राष्ट्रियता भएकाहरु थोरै समयमा विकास गरे ।देश भक्तीको कमिका कारण नेपाल विकास गर्न नसकेको बताउनु भयो । नेपाललाई एसियाको धनि देश बनाउन सकिन्छ ।नेपाल धनि देश हो तर यहाँको नेता कमजोर छन । नेपालीको ईच्छा र प्रकृति बलियो हुदाहुदै पनि अन्ध विश्वासका कारण नेपालीको आत्मविश्वास हुन नसकेको कारण देश विकास गर्न पछाडि परेको बताए । अमनि पटेन्ट अमनि साईन्समा विश्वास गर्नेले भ्रष्टाचार नगर्ने उनले दावी गरे । लक्ष्मी प्रसाद देवकोटाले मुनामदनमा लेख्नु भएको कुरा मन्न गर्न सबैलाई आग्रह गर्दै कविता वाचन गरे :-मनको बति, कर्म नै पुजा तनको बली मनको प्रसाद । आत्मा र प्रकृतिको पुजा गर्न अनुरोध गर्नु भयो ।जहाँ लोभ छ त्यहा पाप छ । रवि र वालेन साह दुबै जनाले सामजिक संजालको हावा कैच गर्न सफल भएको बताए ।

नेपाल सुशासन पाट्रीका रौतहट अध्यक्ष तथा सांसद प्रत्यासी रन्जित पटेलले सरकारी कर्मचारीले हाजिरी गरी तलव र काम गरि घुस खाने गरेको आरोप लगाउनु भयो । यसबाट जिल्लाका कुनै पनि सरकारी कार्यालय अछुतो नरहेको दाबी गरेका छन । कार्यक्रममा पार्टीका महासचिव गोविन्द गिरि, केन्द्रीय सदस्य बसन्त तिवारी , रौतहट जिल्ला सचिव हरि विनय साह निराला सहितले अब पार्टीको दशा र दिशाको बारेमा बोलेका थिए ।

# नेपाली संस्कृति र विकासको क्षेत्रमा नेपाल-भारत सहकार्य उदाहरणीय

मधेशदृष्टि

जनकपुरधाम,७ फागुन । राष्ट्रिय एकता अभियानले आईतवार काठमाण्डौंमा 'नेपाली संस्कृति र विकास क्षेत्रमा नेपाल-भारत सहकार्य' विषयक विचार गोष्ठी सम्पन्न गरेको छ ।

अभियानका अध्यक्ष विनय यादवको अध्यक्षता तथा अभियानका संरक्षक मण्डलका सदस्य एवम् नोवेल मेडिकल कालेजका डाइरेक्टर डा. निरन्जनकुमारको प्रमुख आतिथ्यामा आयोजित गोष्ठीमा अभियानकी उपाध्यक्ष सुनीता साह, अभियनन्ता हेमन्त लामा, काजी कार्की, अभियानका केन्द्रीय सदस्य डा प्रभात कुशवाहा, धार्मिक अभियन्ता खेमनाथ आचार्य, अभियानका केन्द्रीय सदस्य चन्द्र यदुवंशी लगायतले मंतव्य राखेका थिए ।

कार्यक्रममा बक्ताहरुले दुई देशबीचको भौगोलिक, सांस्कृतिक, ब्यापारिक र राजनीतसम्वन्धका विषयमा चर्चा गरेका थिए। भारत र नेपालको आत्मा एकै भएको तर्क गर्दै नेपालको विकासमा भारतले पुर्याईरहेको योगदानको



कदर गर्नुपर्ने उनिहरुको तर्क छ । नेपाली संस्कृति र विकासको क्षेत्रमा नेपाल-भारत बीचको सहकार्य उदाहरणीय रहेको भन्दै उनीहरुले त्यसलाई अझ बलियो पार्न सनातन धर्म संस्कृतिको संरक्षण जरुरी रहेको बताए । उनीहरुले सनातन धर्म संस्कृतिले मात्र देशको राष्ट्रियता जोगिने तर्क गरेका छन् ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष - TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु - SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# फागुन ११ देखि चौथो ‘जनकपुर साहित्य महोत्सव’को आयोजना

मधेशदृष्टि
जनकपुरधाम, ७ फागुन । जनकपुर साहित्य महोत्सवको चौथो संस्करण जनकपुरधाममा फागुन ११ गतेदेखि तीन दिवसीय हुने भएको छ।
नवमिथिला फाउण्डेशनको आयोजन र फ्याक्ट्स नेपालको प्रमुख प्रायोजनमा हुन लागेको जनकपुर साहित्य महोत्सव फागुन १३ गतेसम्म चल्ने भएको हो । २०७६ सालदेखि प्रत्येक वर्ष आयोजना हुँदै आएको महोत्सवमा यस वर्ष साहित्य, संगीत, सिनेमा, संस्कृति, पहिचान, समाज र राजनीतिसम्बन्धी विभिन्न २० वटा ओपन-एयर प्यानल छलफल हुने आयोजक नवमिथिला फाउण्डेशनका उपाध्यक्ष आदित्य नेपालले जानकारी दिए । जनकपुर साहित्य महोत्सवमा विधार्थी, राजनीतिज्ञ, कलाकार, संगीतकार, लेखक लगायतको सहभागिता रहने उनले बताए




। महोत्सवमा नेपालभरिका साहित्यप्रेमीहरूको सहभागिता रहनेसमेत उनले जानकारी दिए । साहित्य महोत्सवको उद्धाटन सत्र फागुन ११ गते दिउँसो २:३० बजेदेखि जानकी मन्दिर परिसरमा हुनेछ । कार्यक्रममा प्रमुख अतिथिका रुपमा नेपालका प्रथम राष्ट्रपति डाक्टर रामबरण यादव र विशेष अतिथी मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव रहने उनले बताए । त्यसैगरी, प्रबुद्ध मन्तव्य राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनाल, उद्योग वाणिज्य महासंघका उपाध्यक्ष अन्जन श्रेष्ठ र डा. विजयकुमार सिंह (दनुवार) ले दिने बताइएको छ। साहित्यिक क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गर्न लागिएको महोत्सवमा देशभरिका ख्याति प्राप्त स्रष्टाहरूको सहभागिता रहने उपाध्यक्ष नेपालले जानकारी दिए । महोत्सवमा ’समावेशिता : परिकल्पना र अभ्यास’, ’अपन समाजके घुइरक तकलापर’, ’घेघ बनल घोघ’, ’युवा : संस्कार र परिष्कार’, ’शहिद दिलिप महतोके मोन पाडैत’, ’सञ्जालको बवाल’, ’राजनीति : अभियान आ अवसर’, ’सम्झनामा प्रदीप दाई’, ’हामीले गुमाएको खेलकुद’ र विभिन्न अन्य विधालाई समेट्दै २० भन्दा बढि सत्रहरू रहने बताइएको छ । सत्रहरूमा वक्ता र सहजकर्ताको रुपमा स्थानीयदेखि राष्ट्रियस्तरका व्यक्तित्वहरूको सहभागिता रहने आयोजकले जनाएको छ । उद्धाटन समारोहका दिन ‘अमित झा साहित्य संगीत पुरस्कार’ वितरण गर्नुका साथै अन्तरविद्यालय वक्तृत्व प्रतियोगिताको निर्णायक प्रतिस्पर्धा र संगीत सन्ध्यामा (कुटुम्ब र मिनाप) को सांगीतिक प्रस्तुती हुनेछ।
किताबको लोकार्पणदेखि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय कलाकारको प्रस्तुती पनि महोत्सवमा समेटिएको छ भने महोत्सवको अन्तिम दिन फागुन १३ गते भारतका चर्चित गायिका मैथिलि ठाकुरले पनि साङ्गितिक प्रस्तुती दिने भएकी छन् ।

# राप्रपाले मनाए पुर्व बडामहारानी कोमलको ७३ औं जन्मोत्सव



मधेशदृष्टि, वीरगंज, ७ फागुन ।
राष्ट्रिय प्रजातन्त्र पाटी पर्सा ले आज पुर्व श्री ५ बडामहारानी कोमल राज्य लक्ष्मी शाह को ७३ औं जन्मोत्सव तथा प्रजातन्त्र दिवस मनाएको छ।
वीरगंज स्थित घण्टाघर चौकमा पुर्व श्री ५ बडामहारानी कोमल राज्य लक्ष्मी शाह को ७३ औं जन्मोत्सव तथा प्रजातन्त्र दिवस को अवसरमा २५ थान कम्मल बितरण तथा चियापानको कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रम राष्ट्रिय प्रजातन्त्र पार्टी का पुर्व केन्द्रिय सदस्य तथा पुर्व जिविस पर्सा का सभापति शम्भु चौरसिया को विशेष उपस्थितिमा सम्पन्न कार्यक्रम राप्रपाका क्षेत्रिय अध्यक्ष अर्जुन बहादुर सिंह ठकुरी को अध्यक्षतामा सम्पन्न भएको थियो ।
कार्यक्रममा राप्रपाका पुर्व केन्द्रिय सदस्य विश्वनाथ साह तेली, बाबुलाल शर्मा, नगिना यादव, पार्टी का जिल्ला उपाध्यक्ष राजेस कुमार गुप्ता, अजय पौडेल, पवन प्रसाद साह, पार्टी का जिल्ला प्रवक्ता पृथक घिमिरे विजय पासवान लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण शम्भु घिमिरेले गरेका थिए।
यसैविच श्री ५ त्रिभुवन जयन्ती तथा श्री ५ बडा महारानी कोमल राज्य लक्ष्मी देवी शाहको ७३ औं जन्मोत्सव एवं ७३ औं प्रजातन्त्र दिवसको अवसरमा आइतवार नेपाल राष्ट्रवाद संघले बीरगंजमा शुभकामना र्‍याली निकालेको थिए । वीरगंजको घण्टाघरबाट निस्केको र्‍यालीले नगर परिक्रमा पछि पुनः घण्टाघरमा आएर कोण सभामा परिणत भएको थियो। नेपाल राष्ट्रवाद संघ केन्द्रिय अध्यक्ष जनक लाल शाहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघका जिल्ला अध्यक्ष संगिता देवी शाह, उमाशंकर प्रसाद, पृथ्वी झा, राजेन्द्र पाल, बजरंगवली साह, राधा कृष्ण चौहान, सन्तोष गुप्ता, हरेराम प्रसाद रौनियार, चुलाई मियाा, शिवशंकर प्रसाद, अच्छेलाल साह, वकिल मिया, खेदु ठाकुर, विष्णु कुमार दास तैयव देवान लगायनको उपस्थिति रहेको थियो।
यसैविच वीरगंजको महाविर मन्दिर प्राङ्गणमा श्री ५ त्रिभुवन ज्यन्ती तथा श्री ५ बडा महारानी कोमल राज्य लक्ष्मी देवी शाहको ७३ औं शुभजन्मोत्सवको अवसरमा देश भक्त राजभक्त पर्साले शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।
कार्यक्रममा देश भक्त राजभक्तका केन्द्रिय अध्यक्ष दिपेन्द्र प्रसाद रौनियार, उपाध्यक्ष राजकिशोर चौवे, जिल्ला अध्यक्ष सतिश श्रीवास्तव, पशुपति विक्रम शाह, उषा रानी शाह, शम्भु चौरसिया, रामनारायण साह विरेन्द्र थापा लगायतको उपस्थिति रहेको थियो।

# राजपुरमा ७३ औँ राष्ट्रिय प्रजातन्त्र दिवस मनाइयो

आरके श्रीवास्तव
गरुडा,७ फागुन । रौतहटको राजपुर नगरपालिकामा ७३ औँ राष्ट्रिय प्रजातन्त्र दिवस दिवस मनाइएको छ । सो नगरपालिकाको कार्यालय प्रांगणमा आइतवार एक कार्यक्रमका बिच राष्ट्रिय प्रजातन्त्र दिवस मनाइएको हो। १०४ वर्षे राणा शासन अन्त्य भएको अवसरमा हरेक वर्ष फागुन ७ गते नेपालमा प्रजातन्त्र दिवस मनाउने गरिन्छ । बि.स. २००७ साल फागुन ७ गतेका दिन राणा शासनको अन्त्य भएको अवसर पारेर यो दिवस देशै भरि मनाउने क्रममा आइतवार राजपुर नगरपालिका सहित जिल्लाको विभिन्न ठाउँहरुमा मनाइएको हो ।
राष्ट्रको सम्मान राष्ट्रिय गान बाट सुरु भएको कार्यक्रममा ज्ञात



अज्ञात शहिदहरुको समझनामा एक मिनेट मौन धारण गरिएको थियो। कार्यक्रमको अध्यक्षता नगर प्रमुख डा.मो.राजिक आलमले गर्नु भएको थियो । प्रमुख अतिथीको रुपमा उपमेयर जमिला असगरी रह्नु भएको थियो । कार्यक्रमको विशिष्ट अतिथी तथा राजपुर नगरपालिकाका नि.प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुरले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा वहाँले सबैजनालाइ स्वागत गर्दै सहिदहरुको बलिदान स्वरुप हामी अहिले यो ठाउँमा उभिन पाएको भन्दै स्मरण गराए।
राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ को कार्यक्रममा सबै वडाका वडा अध्यक्ष,कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कर्मचारी लगायतका व्यक्तीहरुको सहभागिता थियो । कार्यक्रममा नगरप्रमुख आलम सँगै सबैजनाले सहिद प्रति फूलमाला अर्पण गरेका थिए।
कार्यक्रमलाइ समापन गर्दै मेयर डा.आलमले आफनो ज्यानको आहूती दिएर आमीलाइ प्रजातन्त्रको उपलब्धी हासिल गराउनु हुने महान सहिदहरु प्रति सम्मान प्रकट गर्नु भएको थियो । वहाँहरुकै बदिानी स्वरुपको अहिले गाउँगाउँमा सिंह दरबार पुग्न सफ भएको बताए । साथै वहाँले एक अर्को प्रसंगमा स्थानिय सरकार आएपछि जनता सरल रुपमा सेवा लिइरहेको दावी गरे । राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै कार्यक्रम समापन गरेका थिए।

# अर्थमन्त्री यादवले गरे हरिनाथ महादेव मन्दिरको उद्घाटन

मधेशदृष्टि
सर्लाही, ७ फागुन । मधेस प्रदेशका अर्थमन्त्री संजयकुमार यादवले सर्लाहीको हरिनाथ महादेव मन्दिरको उद्धघाटन गरेका छन् ।
सर्लाहीको हरिपूर्वा नगरपालिका शलेस पोखरीस्थित हरिनाथ महादेव मन्दिर संरक्षण समितिले २०७२ सालमा गरेको अठोट अनुरुप मन्दिर निर्माणका लागी वैदेशिक रोजगारमा रहेका श्रमिकहरुले १ करोडको लागतमा निर्माण गरेको हो ।
युवाहरुको आर्थिक अनुदानबाट हरिनाथ महादेव मन्दिर निर्माण गरिएको समितिका अध्यक्ष रामपृत यादवले बताए । ७ वर्षको प्रयासपश्चात गत असोज २ गते मन्दिर निर्माणको कार्य सम्पन्न भएको समितिका कोषाध्यक्ष प्रमोद साहले बताए ।
महाशिवरात्रिको अवसर पारेर फागुन ५ गतेदेखी ७ गतेसम्म हरिनाथ महादेव मन्दिरमा शिवलिङ्ग स्थापना र प्राणप्रतिष्ठा सम्पन्न भएपश्चात आइतबार अर्थमन्त्री यादवले उद्धघाटन गरेका छन् ।अर्थमन्त्री यादवले हरिनाथ महादेव मन्दिर क्षेत्रलाई आगामी बजेटबाट धार्मिक पर्यटकिय स्थलको रुपमा चिनाउने गरि बिकास निर्माणमा सरकारले पूर्ण सहयोग गर्ने बताए । हरिपूर्वा नगरपालिकामा शिक्षा, स्वास्थ्य तथा सिचाई क्षेत्रमा पनि प्रदेश सरकारको योगदान रहने उनले प्रतिबद्धता व्यक्त गरे ।कार्यक्रममा हरिपूर्वा नगरपालिकाका नगर प्रमुख बिनोद कुमार साह, उपप्रमुख सुमिन्त्रा देवी, जसपाका जिल्ला अध्यक्ष बिरेन्द्र यादव, उपाध्यक्ष गणेश कुमार यादव, विभिन्न वडाका वडाध्यक्ष, राजनीतिकर्मी, युवा, स्थानियलगायतको उल्लेख्य उपस्थिती रहेको थियो ।

# गुजराले सम्भवतः मधेश प्रदेशमै पहिलोपल्ट गर्यो भू-उपयोग वर्गिकरण र योजना तयारी

आरके श्रीवास्तव
गरुडा,७ फागुन । रौतहटको गुजरा नगरपालिकामा भू-उपयोग वर्गिकरण र भू-उपयोग योजना तयारी सम्पन्न र हस्तान्तरण कार्यक्रम भएको छ।
इन्सिटच्यूट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि. काठमाण्डौंको प्राविधिक सहयोगमा गुजरा नगरपालिकाले कृषि,आवासिय,व्यापारिक, औधोगिक,वन,सार्वजनिक उपयोग,सांस्कृतिक तथा पुरातात्विक,खानी तथा खनिज,खोला तालतलैया तथा सिमसार,अन्य क्षेत्र गरि १० वटा क्षेत्रमा नगर भरिको जग्गा लाइ वर्गीकरण गरेको छ।
गुजरा नगरपालिकाले मधेश प्रदेशमै सम्भवतः पहिलो पटक भू-उपयोग वर्गिकरण र योजना तयार पारेको प्रमुख प्रशासकिय अधिकृत जयसवालले बताएका छन् । उनले एक हप्ता भित्रमा नै गुजरा नगरवासीको किताकाटको काम सुरु हुने बताए।
कार्यक्रममा बोल्दै अन्य वक्ताहरुले भू-उपयोग वर्गिकरण नहुँदा जनताहरु समस्यामा रहेको र यो भएपछि अब छिट्टै कित्ता काटको काम सुरुहुने र जनताको काममा सहज हुने बताए। अब जनताले बेलैमा सुविधा पाउने




भन्दै नगरपालिकाको यो कार्यको सराहना गरे । साथै उपप्रमुख लामाले जनतालाइ सहज होस् भन्ने उदेश्यले भू-उपयोग वर्गिकरण र योजना तयारी गर्ने प्राविधिक सहयोगीलाइ धन्यवाद ज्ञापन गरेकी थिईन।
कार्यक्रमलाइ समापन गर्दै नगरप्रमुख सन्तलाल चौधरले जग्गा वर्गीकरणको काम चाँडै फेरिन नसकिने भएकोले यसलाइ दिगोपना दिन धेरै छलफल पछि वर्गिकरण र योजना तयार पारिएको बताए । सबैको मेहनतको प्रतिफल स्वरुप हामी जग्गा वर्गीकरण गर्न सफ भएको भन्दै सबै जनालाइ धन्यवाद दिए । कार्यक्रममा प्राविधिक संस्थाले नगरप्रमुख चौधरीलाइ भू-उपयोग वर्गिकरण र योजना तयारी सम्बन्धि फाइल र नक्साहरु हस्तान्तरण गरेका थिए भने मेयर चौधरीले नापी शाखा चन्द्रपुरका प्रमुख इ.सविन विकलाइ हस्तान्तरण गरे।
आइतवार नगरपालिकाको वडा नम्बर ९ स्थित गुजरा नगरपालिकाको कार्यालय,सिमरा भवानीपुरमा एक दिने हस्तान्तरण कार्यक्रम आयोजन गरिएको थियो।
आइतवार इन्सिटच्यूट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि. काठमाण्डौंको प्राविधिक सहयोग र गुजरा नगरपालिकाको आयोजनामा सो कार्यक्रम आयोजन गरिएको थियो ।
नगरप्रमुख सन्तलाल चौधरीको अध्यक्षतामा भएको कार्यक्रमलाइ नि.प्रमुख प्रशासकिय अधिकृत बिनोद कुमार जयसवालले सञ्चालन गरेका थिए । प्रमुख अतिथीको रुपमा उपमेयर रत्ना लामा रहेका थिए।
सो अवसरमा वडा नम्बर १ का वडा अध्यक्ष रामजित चौधरी,वडा नम्बर २ का वडा अध्यक्ष अशोक कुमार चौधरी,वडा नम्बर ३ का वडा अध्यक्ष गजेन्द्र कुमार चौधरी,वडा नम्बर ८ का वडा अध्यक्ष मोतिन मिया मंसुरी,वडा नम्बर ९ का वडा अध्यक्ष प्रेम चौधरी,मालपोत कार्यालय चन्द्रपुरका प्रतिनिधी रामगिर मुखिया, विभिन्न वडाका वडा अध्यक्षहरु,कार्यपालिका सदस्यहरु,कर्मचारी,पत्रकारहरुको सहभागिता रहेको थियो।

# स्ववियू निर्वाचन निष्पक्ष मनाउन सर्वदलिय बैठक

मधेशदृष्टि
वीरगंज, ७ फागुन।
ठाकुर राम क्याम्पसको स्ववियू निर्वाचन निष्पक्ष र भय रहित रुपमा सम्पन्न गर्न आइतवार सर्वदलिय वैठक सम्पन्न भएको छ।
ठाकुर राम बहुमुखी क्याम्पसको सभा हलमा आयोजित वैठकले आगामी चैत्र ५ गते हुने स्ववियु निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विवाद रहित तरिकाले सम्पन्न गर्न क्याम्पस प्रमुख डा. उमेश चौरसियाको अध्यक्षतामा सर्वदलिय वैठक सम्पन्न भएको ठाकुर राम क्याम्पसका प्राध्यापक रोशन लामिछानेले जानकारी दिएका छन्।
सर्वदलिय वैठकमा नेपाली काग्रेस पर्साका अध्यक्ष जनार्द्धन सिंह क्षेत्री, जसपाका अध्यक्ष रामनरेश यादव, बीरगंज महानगरपालिकाका नगर उपप्रमुख इम्तियाज आलम, माओवादीका प्रभाकर गुप्ता लगायत पर्साका प्रमुख राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# कानून व्यवसायी महिलाहरुको तीन दिने राष्ट्रिय सम्मेलन हुने

मधेशदृष्टि, वीरगंज, ७ फागुन।
नेपाल बार एसोसिएसनले आगामी शुक्रबारदेखि ३ दिन कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन गर्ने भएको छ।
बारले पर्साको वीरगञ्जमा तीन दिने सम्मेलनको आयोजना गर्न लागेको हो।
बारले त्यही बोलमा आफ्नो केन्द्रिय कार्यकारिणी परिषदको बैठक पनि राखेको छ । सम्मेलन र बैठकले समसामयिक विषयमा छलफल गरी घोषणापत्र सार्वजनिक गर्नेछन् ।

# सोनवर्षामा रक्तदानको आयोजना

मधेशदृष्टि
वीरगंज, ७ फागुन।
पर्साको पटेर्वा सुगौली गाउँ पालिका वडा नम्बर १ सोनवर्षामा आइतवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।
सोनवर्षा स्थित नेपाल राष्ट्रिय आधारभुत विद्यालयको प्राङ्गणमा पटेर्वा सुगौली गाउँपालिका कार्यालयको सहयोगमा सहज सेवा सीप विकास केन्द्र पटेर्वा सुगौलीले आयोजना गरेको रक्तदान कार्यक्रममा २० जनाले रगतदान गरेका छन्।
रगतदान गर्नेहरुमा हैदर अन्सारी, सुलेमान मिया दर्जी,प्रहरी सहायक निरीक्षक पवन कुशवाहा,अमरेन्द्र गिरी,कान्ति देवी,ठग चौधरी, श्रीकान्त चौधरी,चनदन चौधरी,कन्हैया यादव,बब्लु गिरी लगायत रहेको रक्तसंचार केन्द्र वीरगन्जका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए।
वडाध्यक्ष फरमान मियाँ अन्सारीको अध्यक्षता तथा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्यतामा भएको रक्तदान कार्यक्रममा ,वडा नम्बर ३ का कार्यवाहक वडाध्यक्ष हैदर अन्सार ी,काङ्ग्रेस नेता सुलेमान मिया दर्जी,ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक किशोर आचार्य, रंगपुर प्रहरी चौकीका प्रहरी सहायक निरिक्षक पवन कुशवाहा लगायतको उपस्थिति रहेको थियो।

## सम्पादकीय

# गौरको राजश्रीमा बेथिति

रौतहट सदरमुकाम गौर स्थित संचालनमा रहेको एउटा विक्तिय संस्थामा ठूलो संख्यामा भारतीय नागरिकको खाता रहेको फेला परेको छ। नेपालको कानूनमा भारतीय नागरिकले दैनिक बचत जस्ता कार्यक्रममा सहभागि हुन पाउँदैनन् । संस्थामा आफैमा नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको 'घ' वर्गको वित्तिय संस्था हो।

सर्लाहीको हरिऔनमा मुख्य कार्यालय रहेको राजश्री सेविंग्स एण्ड क्रेडिट कोअपरेटिभ सोसाइटी लिमिटेड नामको संस्था मधेश प्रदेशस्तरिय संस्थाको रुपमा कार्यरत छ र मधेश प्रदेशका सबैजसो जिल्लामा यसका शाखा छन। रौतहटको गौर शाखा भने व्यवसायिक र बैंकिङ्ग नीतिनियम बाहिर रहेर काम गरिरहेको समाचारहरु यसअघि पनि आएका थिए । वित्तिय संस्थाका प्रतिनिधिहरुले दिनदिनै बचतकर्ताबाट रकम संकलन गर्ने र बैंकमा आएर उनीहरुको खातामा जम्मा गर्ने चलन हुन्छ। तर, गौर शाखाले भने बचतकर्ताबाट संकलन भएको रकम कर्मचारी र एजेण्ट मिलेर अपचलन गर्ने, बचतकर्ताको खाताबाट आफूखुसी पैसा निकाल्ने जस्ता गुनासाहरु आउँन थालेपछि बचतकर्ता आफ्नो विवरण लिन थालेपछि लहिरो तान्दा पहरो गर्जन्छ भनेझै बित्तिय संख्यामा ठूलो संख्यामा भारतीय बचतकर्ता रहेको भेद खुल्यो। कारण, भारतीयहरु पनि आफ्नो पैसा कतै हिनामिना भएको त छैन भन्दै वित्तिय संस्थामा चासो राख्न थालेपछि लुकाएर राखेको कर्तुत सार्वजनिक भएको हो।

गौर शाखामा करिब १ हजार २ सय बचतकर्ता छन् जसमध्ये करिब ४० प्रतिशत ५ सय हाराहारी भारतीय भएको बुझिन्छ । सीमावर्ती वैरगनिया र आसपासका भारतीय नागरिक गौरको वित्तिय संस्थामा आवद्ध हुनुपछाडिका अनेकौं कारण हुनसक्छन् । सीमा क्षेत्र त्यसै पनि अवैध कारोबार हुने क्षेत्र मानिन्छ। तर सबै भन्दा महत्वपूर्ण नागरिकता लगायत कुनै आधिकारिक कागज बिना कसरी खाता खोलियो ? कसरी खाता संचालन हुनसक्यो, कसरी बचत गर्न सकियो ?जानकारहरुका अनुसार भारतीय नागरिकबाट दैनिक ५ लाखको हाराहारीमा रकम संकलित हुँदै आएको छ। दैनिक ५ लाख संकलन र ५ सयकै हाराहारीका भारतीय नागरिक वित्तिय संस्थामा आवद्ध रहेको बुझिन्छ । उनीहरुबाट नेपाली र भारतीय दुबै देशका एजेन्ट मार्फत पैसाको कारोबार हुन्छ। सामान्यतया असुली। यति संवेदशील कुरा राजश्रीको केन्द्रीय शाखाले चासो राख्नुपर्ने हो कि होइन ? आफ्ना शाखाहरु कसरी संचालन भैरहेको छन्? त्यसबारे मुख्य कार्यालय, मुख्य कार्यालयका जिम्मेवारहरु जवापरदेही हुनुपर्दैन । त्यस्तै,राष्ट्र बैंकबाट अनुमति प्राप्त वित्तिय संस्थामा राष्ट्रबैंक निरपेक्ष बस्न मिल्छ ? एकै पकट धैरै प्रश्न मुखरित भएका छन् ।गौर, शाखाका कर्मचारी केही समय यतादेखी नागरिकता लगायतका कागजपत्रको आधारमा बचतकर्ताको नाम दर्ता हुन थालेको छ। के देखिदैंछ भने, पहिलादेखी जेजति आवद्ध थिए, तिनलाई कायम राख्दै अब आउँनेको हकमा कडाई गर्देजाने।

बैंक, वित्तिय संस्था भनेका विश्वासमा चलेका हुन्छन्। त्यही भएर नागरिकले आफ्नो थैली बुझाएका हुन्छन्। नियमकानून, वित्तिय प्रणाली पद्धतिमा चल्नुपर्ने हुन्छ वित्तिय संस्थाहरु।

गौर शाखा अवैधरुपमा संचालित भैरहेको कुरा सतहमा छरफस्ट भैसकेपछि अब पालो उसको केन्द्रीय कार्यालय र राष्ट्रबैंकको हो। जे भयो भैगयो भन्ने होइन, गौरशाखाको सम्पूर्ण कारोबार, व्यवस्थापन राष्ट्र बैकको निर्देशन र निगरानीमा गर्ने व्यवस्था गरिनुपर्दछ ।र, गौरशाखामा कार्यरत अधिकारीहरुमाथि कारवाही चलाउनुपर्दछ।

# लोकतन्त्र सुदृढीकरणमा रासस

*आजको विश्वमा प्रभावकारीको प्रेसको कुरा गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सम्पादकीय स्वतन्त्रता र सूचनाको हकको कुरा पनि सँगै गर्ने गरिन्छ। वास्तवमा पछिल्ला दिनमा यिनलाई प्रजातन्त्र-लोकतन्त्रको पूर्वशर्तका रुपमा स्वीकार गर्ने गरिन्छ।*



– धर्मेन्द्र झा

जनताको क्रान्तिबाट एक सय चार वर्षे निरङ्कुश राणा शासन अन्त्य भई प्रजातन्त्रको घाम उदाएको आजको ऐतिहासिक दिन । यस दिनले देशमा प्रजातान्त्रिक शासन प्रणालीको अभ्यास सुरु गर्नुका साथै जनताको अधिकार सुनिश्चित गर्ने अभियान पनि प्रारम्भ गरेको स्मरणीय छ। त्यति मात्र नभई नेपाली पत्रकारिताको विकासमा सरकारी तबरबाट समाचार समिति स्थापना भएको दिन पनि भएकाले यस दिनलाई नेपाली सञ्चार क्षेत्रले महत्वपूर्ण अवसरको रुपमा लिएको छ। प्रजातान्त्रिक शासन प्रणलीको प्रभावकारिताका लागि सञ्चारको अधिकतम प्रयोग र सूचनाको खुलापन निकै महत्वपूर्ण मानिन्छ। विसं २०१८ मा स्थापना भई नेपालका सञ्चारमाध्यमहरुलाई समाचार सेवा प्रदान गर्दै आएको राससले आफ्नो स्थापनाको ६२ औं वर्ष पूरा गर्दैगर्दा पछिल्ला दिनमा यस तथ्यलाई आत्मसाथ गरेको छ। छ दशकभन्दा बढी समयदेखि अविचलित रही राज्य र जनताको पुलका रूपमा राष्ट्रिय समाचार समिति(रासस)ले निरन्तर निर्वाह गर्दै आएको भूमिकाप्रति सञ्चार क्षेत्र विदित नै छ। यसबीचमा मुलुकमा भएको थुप्रै राजनीतिक परिवर्तनकाबीच तथा २०७२ को भूकम्प र करिब तीन वर्षदेखि भोगिरहेको महामारीका कठिन बखतमा पनि केही समस्या झेल्दै एवं त्रिपाल टाँगेर र सङ्क्रमणग्रस्त शरीर बोकेर जनताको सुसूचित हुने अधिकारलाई राससले एक दिन पनि नरोकिई निष्पक्षता र सन्तुलनकासाथ समाचार सम्प्रेषण गरिरह्यो। नेपाली पत्रकारिताको उन्नयन तथा सत्यतथ्यपूर्ण, विश्वसनीय, आधिकारिक र औपचारिक सूचना शीघ्र प्रवाह गरेर जनतालाई सुसूचित गर्नेमा राज्यको स्वामित्वमा रहेको राससले विशिष्ट भूमिका खल्दै आएको छ। रासससबाट उत्पादित समाचार समग्री नै आज देशैभरका सञ्चार माध्यमले प्रकाशन तथा प्रशारण भइरहेको छ।

यो राससले कमाएको विश्वसनीयताबाट सम्भव भएको हो। त्यसैले आधिकारिक, विश्वसनीय र सत्यतथ्य समाचार सम्प्रेषण गर्नुपर्ने आफ्नो कर्तव्यप्रति सचेत रही आगामी दिनमा पनि राज्यका नीति, योजना एवं कार्यक्रम तथा सोच र अवधारणा सर्वसाधारणसामु प्रवाह गर्ने र तल्लो तहका जनताले भोग्नुपरेका दैनन्दिनका समस्या राज्यसामु पुऱ्याउन रासस अझ बढी प्रयत्नशील रहेको छ। प्रारम्भमा नेपाली समाचारबाट सुरु भएको रासस सेवा देशी विदेशी सञ्चारमाध्यम र तिनका पाठक-श्रोताको चाहना एवं रुचि तथा सञ्चार क्षेत्रको बहुआयामअनुसार हाल आलेख समाचार, अङ्ग्रेजी र अन्तरराष्ट्रिय समाचार, तस्बिर, श्रव्य र श्रव्यदृश्य सेवासम्म विस्तारित भएको छ। राससको यस अभियानमा सरकारले पनि यथाशक्य सघाइदिएर आफ्ना सेवालाई विविधीकरण गर्ने वातावरण दिइरहेको छ । राससले पछिल्लोपटक गत साउनदेखि श्रव्यदृश्य सेवा पनि सुरु गरेको छ । मुलुकमा राज्यको आधिकारिक समाचार समिति रहनुपर्छ भन्नेमा प्रायः सबै सञ्चारकर्मी, सञ्चारमाध्यम र पत्रकारहरूमा मतैक्यता नै छ। रासस सुदृढ भएमा राज्य पनि बलियो हुने हाम्रो मान्यता रहिआएको छ । राससलाई सूचना र समाचारको पहुँचमा नपरेका जनताका समस्या अझ खोतल्दै राज्यलाई मार्गनिर्देशन हुनेगरी विश्लेषणात्मक सामग्री पस्कनका लागि सेवाग्राही र पाठकहरूबाट प्राप्त सल्लाह-सुझाव राससका अमूल्य सम्पत्ति हुन । तिनलाई आत्मसात गर्दै त्यस्ता विषयवस्तु क्रमशः पस्केर नयाँ स्वाद दिलाउन हामी तयार भइसकेका छौं । यसै सन्दर्भमा राससले आलेख समाचार सेवालाई अझै व्यवस्थित र विस्तार गर्दै अन्तर्वार्ता र विज्ञहरूका विचार समेटी 'आलेख, विचार र अन्तर्वार्ता सेवा' का रूपमा प्रस्तुत गरेको छ । विश्वकै पत्रकारितामा उदाइरहेको अनलाइन न्युज पोर्टल तथा सूचना प्रदायक सामाजिक सञ्जालसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्थामा पुगेको रासस घटनाप्रधान सूचना तथा समाचार सम्प्रेषणलाई तीव्रता तथा मानवीय अभिरुचिपूर्ण-खोजी र अनुसन्धानमूलक समाचार-आलेख प्रस्तुतिलाई नियमितता दिन सचेत छ । सञ्चार क्षेत्रमा भित्रिसकेका नयाँ सञ्चार तथा सूचना प्रविधिको प्रयोग गर्दै यसलाई बहुआयामिक सेवा प्रदायक बनाउन रासस प्रयत्नशील छ। पाठक-श्रोताप्रति सोझै जोडिनका लागि सामाजिक सञ्जालको उपयोग गर्न र अनलाइन न्युज पोर्टल स्थापना गर्नुपर्ने ठम्याइ भइसकेको छ। त्यस्तै अनुसन्धान एवं समाचारको पृष्ठभूमिका लागि सहायक हुने रासस स्थापना समयदेखिका समाचारको अभिलेखालयलाई इ-लाइब्रेरीमार्फत सार्वजनिकीकरण र पुस्तकालय व्यवस्थापनसम्बन्धी तथा साठी वर्षभन्दा बढी समयदेखिका भौतिकलगायत ऐतिहासिक सामग्रीसहितको रासस अभिलेखालय तथा सङ्ग्रहालय स्थापना र भवनको आमुख खण्डमा डेली न्युज डिस्प्ले व्यवस्था गर्न लागिएको छ । यसैगरी राससको आन्तरिक सेवालाई सहज बनाउन र सेवाग्राहीलाई अझ सहज र सुलभ बनाउन एकीकृत सफ्टवेयर जडानको काम अन्तिम चरणमा पुगेको छ । राससलाई आत्मनिर्भर बनाउने तथा प्रदेशबाट समाचार सम्प्रेषण, श्रव्यदृष्य सेवालाई व्यवसायीकरण, समाचार प्रत्यक्ष प्रसारण, स्थानीय भाषामा समाचार, अन्तरराष्ट्रिय समाचार सेवा विस्तार, छिमेकी मित्र राष्ट्र चीन र भारतमा समाचारदाताको व्यवस्था, २४ घन्टा सेवा सञ्चालन, स्थानीय तहसम्म समाचारदाता विस्तार र कार्यालयहरूलाई प्रविधिमैत्री बनाउनेलगायत कार्यक्रमबारे वर्तमान व्यवस्थापन चिन्ताशील छ । स्वदेशी र विदेशी सञ्चारमाध्यमहरुलाई समेत समाचार सेवा प्रदान गर्दै आएको छ दशकभन्दा पुरानो समाचार संस्था राससले आगामी दिनमा राज्यको एक आधिकारिक सूचना बैंकको रुपमा रहेर काम गर्ने प्रयास जारी छ। आफ्नो समाचार सामग्रीको सबै क्षेत्रबाट पूर्ण उपयोग गराउन जनान्दोलनका घाइते, सहिद परिवार, महिला, पिछडिएको भौगोलिक क्षेत्र आदिका लागि सेवाशुल्कमा केही छुटको व्यवस्था केही वर्षदेखि नै रहिआएको छ भने यसै आर्थिक वर्षदेखि सेवाग्राहीको दायरा विस्तार गरेर व्यक्तिगतदेखि विभिन्न तहका सरकार र राजकीय संस्थालाई ग्राहक बनाउन परिमार्जित 'रासस सेवाग्राही शुल्क निर्देशिका' पारित गरिएको छ । व्यक्ति तथा सरकारी-गैरसरकारी सङ्घसंस्था राससको सेवाबाट लाभान्वित हुन सक्नेछन।

विसं २०७२ मा नेपालको संविधान जारी भएपछि दुई आमनिर्वाचनमार्फत सङ्घीयताको अभ्यास बढिरहे पनि रासस अझ पूर्णरूपेण विकेन्द्रित हुन नसकिरहेकामा हामीलाई चिन्ता लागेको छ । मुलुकको एक मात्र आधिकारिक समाचार समिति सातै प्रदेश, ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय तहका वडा वडासम्म पुग्नु जरुरी छ। त्यसका लागि थप जनशक्ति, सञ्चार उपकरण र तालिम, प्रशिक्षण, अभिमुखीकरण जस्ता क्षमता अभिवृद्धिका कार्यक्रम आवश्यक पर्छ । राससले समयानुकुल आफ्ना समाचार सेवाहरुमा विकास गर्दै प्रविधि र आफ्नो क्षमताको विकास र विस्तारमा पनि ध्यान दिन जरुरी छ । राससलाई आत्मनिर्भर गराउन, अत्याधुनिक सञ्चार प्रविधिको प्रयोग गराउन, आफ्ना कर्मचारी एवं पत्रकारहरूको बहुपक्षीय (मल्टीमिडिया) क्षमता वृद्धि गराउन सरकारका तर्फबाट आवश्यक सहयोग र प्रोत्साहनको आवश्यकता महसुस भएको छ। विश्वको प्रतिष्ठित समाचार समिति बनाउने सोचलाई मूर्तरूप दिनका लागि हाल सार्क वा बिम्स्टेक तहसम्म पुग्ने प्रयासमा राज्य संयन्त्रबाट सहयोगको अपेक्षा गरिएको छ। विश्वका समाचार समितिहरुसँगको सम्बन्धलाई सुदृढ बनाउन हालै इरानको तेहरानमा सम्पन्न एसिया प्यासिफिक देशका समाचार समितिहरुको सम्मेलनमा सहभागी भई विभिन्न समाचार समितिका अधिकारीसँगको छलफल र समन्वयले संस्थालाई उत्सहित बनाएको छ। विश्वमा सूचना र प्रविधिको द्रूत गतिमा विकास भइरहेको छ। यस विश्व परिवेशमा हामीले पनि हाम्रा सञ्चारमाध्यमहरुलाई समय र युग सुहाउँदो रुपमा थप अध्यावधिक र परिमार्जित गर्दै लैजानुपर्छ। जतिसक्दो सहज र आधुनिक माध्यमबाट नागरिकलाई सूचना प्रदान गर्नुपर्छ। आजको विश्वमा प्रभावकारीको प्रेसको कुरा गर्दा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सम्पादकीय स्वतन्त्रता र सूचनाको हकको कुरा पनि सँगै गर्ने गरिन्छ । वास्तवमा पछिल्ला दिनमा यिनलाई प्रजातन्त्र-लोकतन्त्रको पूर्वशर्तका रुपमा स्वीकार गर्ने गरिन्छ। यही मान्यतालाई आत्मसात गर्दै नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्न राससले पनि आफ्नो सेवालाई थप चुस्त दुरुस्त बनाउन आफ्ना सबै संयन्त्र र क्षमता परिचालन गर्न क्रियाशील रहेको छ। राज्य र जनताको समाचार संवाहककका रुपमा गुरुत्तर भूमिका निर्वाह गर्नुपर्ने दायित्वमा रहँदा निश्चय नै यी विषयप्रति रासस गम्भीर छ र रहनेछ । रासस जनताको करबाट सञ्चालित संस्था हो । यस आधारमा निश्चय पनि यो संस्था जनताप्रति उत्तरदायी हुनुपर्छ। आजको दिन मुलुकमा प्रजातन्त्र स्थापना भएको दिन मात्र होइन, सम्पूर्ण नेपाली सञ्चार जगतको सहयोगी राससको स्थापना पनि भएको दिन समेत भएकाले राससलाई अझ आफ्नो नाम र उद्देश्यानुकूल जनताका मन मनका र घरआँगनका समस्या उजागर गर्न तथा राज्यप्रतिको दायित्वलाई अविचलित कायम राख्दै लोकतान्त्रिक शासन प्रणालीलाई बलियो बनाउन हामी सबैको सामूहिक प्रयासको खाँचो रहेको छ। (झा,राससका कार्यकारी अध्यक्ष हुन। रासस)

> “आजको दिन मुलुकमा प्रजातन्त्र स्थापना भएको दिन मात्र होइन, सम्पूर्ण नेपाली सञ्चार जगतको सहयोगी राससको स्थापना पनि भएको दिन समेत भएकाले राससलाई अझ आफ्नो नाम र उद्देश्यानुकूल जनताका मन मनका र घरआँगनका समस्या उजागर गर्न तथा राज्यप्रतिको दायित्वलाई अविचलित कायम राख्दै लोकतान्त्रिक शासन प्रणालीलाई बलियो बनाउन हामी सबैको सामूहिक प्रयासको खाँचो रहेको छ।

# दिल्ली चलखेलले गिजोलेको फागुन सात

*भारतका प्रधानमन्त्रीले नयाँ प्रस्ताव राख्दा जसरी उनले सम्बन्धित पक्षलाई वास्ता गरेका थिएनन त्यसरी नै राजा त्रिभुवनले पनि अरु त अरु सशस्त्र आन्दोलनमा संलग्न नेपाली कांग्रेसलाई समेत नसोधी नेहरूको नयाँ प्रस्तावलाई स्वागत गरेका थिए। उनको यस कार्यले सशस्त्र आन्दोलनमा लगातार सफलता प्राप्त गर्दै अघि बढिरहेको नेपाली कांग्रेसको गन्तव्यमा केही अप्ठ्यारो पुर्यायो ।*




– डा. राजेश गौतम

सन् १९५० नोभेम्बर २६ मा राणा सरकारको प्रतिनिधिमण्डलले भारत पुगेदेखि नै भारतका प्रधानमन्त्री, गृहमन्त्री र विशेषत सर गिरिजाशंकर बाजपेयीलाई पटक पटक भेटिसकेको थियो। यी भेटमा भारतले दिदै आएको सुझावअनुरुप नै नेपाली पक्षले राजनैतिक सुधार गर्ने, जनप्रतिनिधिहरूलाई सरकारमा सरिक गराउने कुरा स्वीकार गरी तुरुन्त लागु गर्ने कुरा व्यक्त गरेको थियो। तर राजा ज्ञानेन्द्रको सट्टा राजा त्रिभुवनलाई राजा मान्ने कुरालाई भने स्वीकार गरेका थिएनन् । यसैले भारत सरकार मुख्यत जवारलाल नेहरुले कुनै प्रतिक्रिया जनाएका थिइनन् । त्यसमा पनि नेपालमा सशस्त्र आन्दोलनको स्वरुप झन बढेको र व्यापक हुन गएको, वेलायतका विशेष दुत सर इस्लर डेनिङ्ग नेपाल जाँदा राजा त्रिभुवनको पक्षमा ठूलो जुलुस निस्केको र भारतीय लोकसभामा भारतीय प्रधानमन्त्रीले दिएको वक्तव्यले राणा प्रतिनिधिमण्डल निराशा हुँदै गयो।

आफ्नो कमजोर स्थिती महसुस गरेपछि राणा प्रतिनिधिमण्डलले भारतमा शरण लिएका राजा त्रिभुवनलाई भेट गर्ने प्रयास पनि गर्न थाल्यो तर भारत सरकारले उनीहरूलाई त्यसको स्वीकृति ६ डिसेम्बर १९५० (२१ मंसिर २००७ ) भन्दा अगाडिसम्म दिदैंदिएन । किनकी बेलायत सरकारका प्रतिनिधि सर एमाइ डेनिङ्गको नेपाल भ्रमणका क्रममा राजा त्रिभुवनको समर्थनमा जनसमूह रहेको थाहा पाएपछि देखि नै नेपालको राजनैतिक स्थितिको अन्त्य गर्नेतर्फ राजा त्रिभुवन, राणा सरकार र नेपाली जनताका विचारहरू बुझिसकेका प्रधानमन्त्री जवाहरलाल नेहरुले सबै पक्षलाई मिल्ने नयाँ प्रस्तावबारे सोच्न थालिसकेका थिए । नभन्दै ६ डिसेम्बर १९५० बुधबारको बेलुकी नै नेपालको समस्या समाधान गर्न भारत सरकारले नयाँ प्रस्ताव तयार गरेको जानकारी नेपालको राणा प्रतिनिधिमण्डललाई दियो। यो नयाँ प्रस्ताव भारतले एकतर्फीरुपमा तयार गरेको थियो। यस सम्बन्धमा भारत सरकारले भारतमा नै रहेको राणा प्रतिनिधिमण्डल, नेपालको राणा सरकार, भारतमा शरण लिएर बसेका राजा त्रिभुवन,नेपालमा सशस्त्र आन्दोलन सञ्चालन गरिरहेको नेपाली कांग्रेस कसैसँग पनि सल्लाह गरेको थिएन भन्ने सम्बन्धित पक्षहरूको त्यतिखेर भनाइ रहेको थियो। तर भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले सो नयाँ प्रस्तावको बारेमा भारतमा नै रहेका राजा त्रिभुवन र राणा प्रतिनिधिमण्डका नेता विजय शमशेरसँग कुरा गरेका थिए भनी केही नेपाली र भारतीय बताउँछन।

भारत सरकारले आफ्नो तर्फबाट नयाँ प्रस्ताव तयार गरेको जानकारी दिएपछि भोलिपल्टै ७ डिसेम्बर १९५० भारत सरकारले औपचारिक रुपमा सो नयाँ प्रस्ताव



राणा प्रतिनिधिमण्डललाई हस्तान्तरण गर्यो । यसको साथै त्यहाँ रहेका राजा त्रिभुवनलाई भेट गर्ने स्वीकृती पनि दियो। भारत सरकारले राणा प्रतिनिधिमण्डललाई हस्तान्तरण गरेको नयाँ प्रस्तावमा रहेको बुँदाहरू निम्न थिए।

१. नेपालमा नयाँ विधान तयार गर्ने वालिगमतको आधारमा एक वैधानिक सभा गठन गने।

२. राणा प्रधानमन्त्रीको अध्यक्षतामा जनप्रतिनिधि सहितको नयाँ सरकार गठन गर्ने।

३. श्री ५ त्रिभुवनलाई नै नेपालको राजा मान्ने।

केही विद्धान्हरुहरूले उक्त नयाँ प्रस्तावमा माथि उल्लेखित बूँदाहरू बाहेक निम्न दुई बुँदाहरू पनि रहेको उल्लेख गरेका छन।

१. सबै राजनैतिक बन्दीहरूलाई छाड्ने।

२. नेपालमा राजनीतिक संगठन बनाउने अधिकार प्रदान गर्ने।

राणा प्रतिनिधिमण्डलले सन १९५० को डिसेम्बर ७ बिहिबारका दिन राजा त्रिभुवनलाई भेट गर्ने स्वीकृती प्राप्त गरेपछि भोलिपल्ट नै ८ डिसेम्बर का दिन उनीहरूले राजा त्रिभुवनको दर्शन-भेट पाए।

त्यस भेटमा राजा त्रिभुवनको स्वास्थ्यबारे चर्चा भयो। तर त्यहाँ भर्खर भारत सरकारले प्रस्तुत गरेको नयाँ प्रस्तावबारे चर्चा भयो कि भएन त्यसबारे प्रस्ट गर्ने कुनै आधारहरू भने प्राप्त छैनन र भेटमा नै उपस्थित हुने व्यक्ति पनि यसबारे मौन रहन चाहछन । यसरी सन १९५० को नोभेम्बर २६ का दिन भारत गएको राणा प्रतिनिधिमण्डल भारत सरकारले प्रस्तुत गरेको नयाँ प्रस्ताव बोकेर १३ दिनपछि सन १९५० को डिसेम्बर ८ का दिन नेपाल फर्कियो।

यस समयसम्ममा अघि सर एमाइ डेनिङ्गसँगै नेपाल आएका र सँगै फर्केका भारतीय पत्रकार हरूले आफुले नेपालमा देखेको घटनाकासाथै नेपाली जनता पूर्णरुपले राजा त्रिभुवन र नेपाली काँग्रेसले सञ्चालन गरेको सशस्त्र आन्दोलनको पक्षमा रहेको कुरा लेख्न थाले। तिनीहरूले सञ्चारका विभिन्न माध्यमहरूबाट यी कुराहरूलाई विश्वव्यापी पनि बनाए। नेपालको विषयमा भारतीय सञ्चार माध्यमले लिएको त्यस प्रकारको भूमिकाले एकातिर नेपालमा चलिरहेको सशस्त्र आन्दोलनप्रति विश्वको नै सकारात्मक धारणा विकसित हुँदै गइरहेको थियो भने अर्कोतिर राणा सरकारप्रति नकारात्मक धारणा विकसित हुँदै गएकोले उ बाह्य र आन्तरिक रुपमा पनि कमजोर हुँदै गइरहेको थियो।

भारतबाट फर्केको राणा प्रतिनिधिमण्डलले आफूले ल्याएको भारत सरकारको नयाँ प्रस्ताव प्रतिनिधिमण्डलका नेता विजय शमशेरले प्रधानमन्त्री मोहन शमशेरलाई दिए। मोहन शमशेरले भारतले प्रस्तुत गरेको नयाँ प्रस्तावमाथि छलफल गर्न राणा भारदार हरूलाई बोलाए र त्यसमाथि गम्भीर रूपले छलफल गर्न र आ-आफ्ना विचारहरू व्यक्त गर्न अनुरोध पनि गरे। भारत सरकारले पठाएको नयाँ प्रस्ताव आफुले प्राप्त गरेको र त्यस प्रस्तावमाथि गम्भीर रुपले विचार हुँदै गरेको कुराको जानकारी प्रधानमन्त्री मोहन शमशेरले सन १९५० को डिसेम्बर १३ बुधबार भारत सरकारलाई दिए। त्यसरी पठाइएको जानकारी पत्रमा मोहन शमशेरले नेपालको स्थानीयता, स्थिरता र प्रगति कायमै राख्ने मुख्य ध्येयले तपाई र भारत सरकारले प्रदान गरेको सुझाव र सल्लाहसम्बन्धी सम्झौतापत्र दिल्ली गएका हाम्रा प्रतिनिधिहरूले ल्याएका छन। त्यसमा गम्भीर कुरा परेकाले विचार गर्न स्वभावतः मेरो मन्त्रीमण्डललाई समय लाग्नेछ भन्ने कुरा उल्लेख गरेका थिए।

भारतीय सञ्चार माध्यमले नेपालको सम्बन्धमा खेलेको महत्वपूर्ण भूमिकाका कारण बेलायतका पत्र-पत्रिकाले पनि नेपालको सम्बन्धमा निस्कने ँन्यू स्टेट्समेन एण्ड नेशन नामक एक अखबारले नेपालको विषयमा वेलायतले भारतको पक्ष लिनुपर्ने आवश्यकताबारे उल्लेख गरेर लेख छापेको थियो। यसबाट बेलायतको जनमत पनि राजा त्रिभुवनको नै पक्षमा रहेको कुरा प्रष्ट हुन्छ। नेपालमा सशस्त्र आन्दोलन चलिरहेको थियो। कैयौं ठाउँहरूमाथि नेपाली काँग्रेसले आफ्नो अधिकार

- बाँकी पृष्ठ ६ मा

# कला संस्कृतिको संरक्षण गर्न लोकवार्ता सम्मेलन सुरु



रामपुर, ७ फागुन
लोकवार्ता परिषद् नेपालको आयोजनामा पाल्पामा शनिबारदेखि ११औँ लोकवार्ता सम्मेलन सुरु भएको छ । समूदायमा रहेका कला संस्कृतिको संरक्षण गर्ने उद्देश्यले सम्मेलन सुरु गरिएको हो ।

जिल्ला समन्वय समिति पाल्पाका अध्यक्ष टङ्क खनालले सम्मेलनको उद्घाटन गर्दै कतिपय लोक संस्कृति लोप हुने अवस्था रहेकोले यस्ता कार्यक्रमले संरक्षणमा सघाउ पुग्ने बताए । हाम्रा लोक सम्पदा, संस्कृति, परम्परा पछिल्लो पुस्तालाई पनि हस्तान्तरण गर्न आवश्यक छ, उनले भने , लोकवार्ताका विषयलाई कसरी आधुनिक समयानुकूल प्रयोग र उपयोग गर्ने भन्ने विषयमा पनि विज्ञहरुको सुझाव लिएर काम गर्नुपर्नेछ । उनले लोकवार्तालाई विज्ञानसँग जोडेर उपयोग गर्न सके आयआर्जनको माध्यम बनाउन सकिने बताए । पाल्पाका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक महत्वका वस्तु तथा स्थानको संरक्षण र प्रचारप्रसार गर्न आवश्यक रहेको उनको भनाइ छ । यहाँका स्थानीय संस्था, स्थानीय सरकारले लोकवार्ता परिषद्को अभियानलाई पछ्याउन पनि उनले सुझाव दिए ।

सम्मेलनको दोस्रो सत्रमा विभिन्न शीर्षकका कार्यपत्र प्रस्तुत तथा छलफल र बहस भएका छन् ।

प्रा डा माधवप्रसाद पोखरेलले संयोजन गर्नुभएको कार्यपत्र प्रस्तुति सत्रमा प्रा डा सावित्री मल्ल कक्षपतिले नेवार समुदायले मनाउने गथामुःग, झपेन्द्र जिसीले कडुवा गीत नृत्य : जीवन्त पाल्पाली संस्कृति एक झलक, कृष्णप्रसाद कोइरालाले रूरू क्षेत्र- एक प्रमुख धाार्मिक, पर्यटकीयस्थल, मन गैरेले तानसेनको ऐतिहासिक धरोहर अमरनारायण, रोहित ज्ञवालीले पाल्पाका ब्राह्मणको कुलायन पूजा परम्पराः यसको सांस्कृतिक तथा सामाजिक महत्वका सन्दर्भमा कार्यपत्र प्रस्तुत गरेका छन् । यस्तै मदन देउरालीले पाल्पामा भएका मन्दिर र मनाइने जात्रा, प्रा डा भवेश्वर पङ्गेनीले पाल्पा र यसको गौरव (पाल्पाको ऐतिहासिक तथा सांस्कृतिक महत्व), विष्णु घर्ती 'भनभनेली' ले गुल्मेली घर्ती/भुजेलः ऐतिहासिक परिचय, सभ्यता र वर्तमान अवस्था र रुवि सत्याल बिडारीले सर्वहितकारी चूर्णको परिचय शीर्षकका कार्यपत्र प्रस्तुत गरेका छन् ।

सम्मेलनमा ६७ वटा कार्यपत्र प्रस्तुत हुने परिषद्का महासचिव प्रा डा ध्रुवप्रसाद भट्टराईले जानकारी दिए । स्थलगत अध्ययन गरेर त्यस ठाउँको लोककला लोकजीवन हेर्ने र अर्कोवर्ष त्यसैलाई कार्यपत्र तयार पारेर किताव छाप्ने काम गरिएको छ । कला संस्कृतिसहितको संरक्षण गर्दै मूर्तअमूर्त कला संस्कृतिको अध्ययन अवलोकन गर्दै कार्यपत्र प्रस्तुत गर्ने, प्रचारप्रसार गर्ने र त्यसलाई पुस्ककका रुपमा प्रकाशित गर्ने गरी सम्मेलनको आयोजना गरिएको लोकवार्ता परिषद नेपालका अध्यक्ष प्राध्यापक डा प्रेमकुमार खत्रीले बताए ।

राम्रा कुरा नयाँ पुस्तामा हस्तान्तरण गर्न, कला संस्कृतिको विकास गर्दै ज्ञान लिन र दिनका लागि चरणबद्ध रुपमा जिल्ला जिल्लामा स्थलगत रुपमा अवलोकन गरी लोकवार्ता सम्मेलन गरिरहेका छौं, हाम्रा परम्परागत लोक संस्कृतिलाई बचाउन र त्यसलाई अभिलेखीकरण गर्नका लागि सम्मेलन आयोजना गरेका हौं, उनले भने ।सम्मेलन पाल्पाको रानीमहल, अर्गली, रिडी हुँदै गुल्मीको रिडी, तम्घास र अर्घाखाँचीको सन्धिखर्कमा पुगेर फागुन ११ गते सम्पन्न हुने परिषद्का अध्यक्ष प्रा डा खत्रीले जानकारी दिनुभयो । तानसेनमा भएको सम्मेलनलाई सफल बनाउन तानसेन नगरपालिकाका साथै बगनासकाली, रैनादेवीछहरा र रिब्दिकोट गाउँपालिका तथा पाल्पा बाँसटारी ढाकाटोपी उद्योग, ग्रामीण आर्थिक विकास सङ्घ (रेडा) पाल्पा, पौडेल ढाका उद्योग पाल्पाको सहयोग गरेका छन् । नेपालका ७७ वटै जिल्ला तथा भारतको सिक्किमबाट प्रतिनिधिको सम्मेलनमा सहभागिता रहेको छ । कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पसका छात्राहरुले मगर जातिको मौलिक पहिरनमा सांस्कृतिक नृत्य पनि प्रस्तुत गरेका थिए । विसं २०७१ मा संस्था स्थापना गरी लोकजीवन, लोक संस्कृति, लोक साहित्य, भाषा संरक्षण तथा जगेर्ना गर्दै आइरहेको छ । यस संस्थाले नेपालका करिब २२ जिल्लामा सम्मेलन आयोजना गरेको बताइएको छ ।रासस

# विदेशको कमाइले स्वदेशमा उद्यमी



बेलबारी, ७ फागुन
मोरङ बेलबारी नगरपालिका-९ डाँगिहाटका किसान विवेक बोगटी विहान ३ बजेदेखि च्याउ टिप्न व्यस्त भेटिन्छन । विदेशमा मजदुरी छोडेर स्वदेशमै उद्यमी बन्ने चाहनाले विगत पाँच वर्षयता उनी च्याउ उत्पादनमा लागेका छन् ।

विदेशको जागिर छाडेर स्वदेशमै पसिना बगाउने उद्देश्यले सुरु भएको यो व्यवसायबाट उनले यस वर्ष मात्रै करिब रू ५० लाख आम्दानीको लक्ष्य लिएका छन् । तीन वर्ष मलेसिया बस्दा कमाएको करिब रू एक लाख ५० हजार लगानी गरी उनले मेहनती मसरुम कृषि फर्म सुरु गरेका थिए । हाल कम्पनीमा रू एक करोडभन्दा बढी लगानी भइसकेको उनको भनाइ छ ।

तीन कठ्ठा क्षेत्रफलमा तीन वटा प्लाष्टिकका टनेलमार्फत सुरु गरिएको च्याउखेती हाल हाल चार वटा पक्कि घर बनिसकेका छन् भने थप तीन वटा बन्ने क्रममा छन् । च्याउ उत्पादन हुने पक्कि घर ५० फिट लम्बाई र २२ फिट चौडाइका छन् । एउटा घरमा एक हजार दुई सय ६५ वटा च्याउका पोका रहने र ती पोकामा राम्रो भएमा दुई महिनासम्म निरन्तर उत्पादन हुने बोगटीको भनाइ छ ।

वार्षिक तीन लट उत्पादन हुने र प्रत्येक लटमा करिव १० देखि १५ लाखसम्म आम्दानी हुने बोगटीको दाबी छ । गर्मीभन्दा भन्दा जाडो मौसममा उत्पादन राम्रो हुने भन्दै उनले हाल दैनिक नौ सय किलोसम्म उत्पादन भएको जानकारी दिए ।

उत्पादित च्याउ बिक्रीमा कुनै समस्या नभएको उनको भनाइ छ । हाल थोकमा रू एक सय ५० का दरले च्याउ बिक्री भइरहेको उनले जानकारी दिए । उत्पादन गरिएको च्याउ हरेक विहान ४ बजेसम्म इटहरी पुऱ्याई सक्नुपर्ने र ७ बजे सम्ममा बिराटनगर र धरानसम्म पुऱ्याई सक्नुपर्ने हुन्छ । दैनिक रुपमा अटो रिक्साबाट पनि स्थानीय क्षेत्रमा पुऱ्याउन समस्या हुन थालेपछि अब आफै पिकअप भ्यान खरिद गर्ने योजना बनाएका छन् । उनले हाल फर्ममा स्थानीय पाँच जनालाई दैनिक ज्यालादारिमा रोजगारी दिइरहेका छन् भने आगामी दिनमा थप रोजगारी सिर्जना गर्ने योजना बनाएका छन् । सुन्दरहरैचाको गछियास्थित बहिनी ज्वाँइ विजय सापकोटाले सञ्चालन गरेको च्याउ उद्योगबाट प्रभावित भएर सोही पेसा रोजेको बोगटीको भनाइ छ । सापकोटाले १० वटा घर निर्माण गरी च्याउ उत्पादन गरिरहेका थिए तर दुई वर्ष अघि उहाँको फर्म आगलागीबाट जलेर नष्ट भएको थियो । हाल उहाँ काठमाडौँस्थित च्याउको विउ उत्पादन गर्ने ल्याव सञ्चालन गरिरहेका छन् ।

विवेक वोगटीले पनि सोही ल्याबबाट कन्ये जातको च्याउको विउ लिइरहेका छन् । दुई वर्षअघि डल्ले च्याउ उत्पादन टनेल निर्माण गर्न भनेर प्रदेश १ सरकारले २० लाख अनुदान दिएको उनले सुनाए । डल्ले च्याउ राम्रो उत्पादन नभएपछि अहिले लगाउन छोडेको उनी बताउछन् ।

बैदेशिक रोजगारी छाडेर उद्यमी बन्न चाहने युवालाई बैंकहरुले सरल कर्जा दिन्छ भन्ने सुनेर बिराटचोकस्थित कृषि विकास वैंकमा पटक-पटक जाँदा पनि बैंकले कुनै वास्ता गरेन, त्यसपछि जानै छाडे, उनले गुनासो गरे ।रासस

# दलगत स्वार्थ त्यागी राष्ट्र निर्माणका अभियानमा जुट्न आग्रह



काठमाडौँ, ७ फागुन
राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले व्यक्तिगत र दलगत स्वार्थ त्यागी राष्ट्र निर्माणका अभियानमा जुट्न सबैलाई आग्रह गरेका छन् ।

त्रिहत्तरौँ प्रजातन्त्र दिवसका अवसरमा आइतवार शुभकामना सन्देश जारी गर्दै उनले व्यक्तिगत र दलगत स्वार्थ त्यागी राष्ट्र निर्माणको अभियानमा सहमति कायम गर्दै अगाडि बढ्न सकिएमा मात्र सहिदप्रति सच्चा सम्मान र मुलुकले समृद्धितर्फ पाइला चाल्नसक्ने बताएका छन् । उनले सन्देशमा विकास र समृद्धिका लागि राजनीतिक स्थायित्व तथा राष्ट्रिय एकता आजको आवश्यकताको रूपमा रहेको उल्लेख गरेका छन् । राष्ट्रिय हितका लागि हामी सबै केन्द्रित हुनुपर्नेमा कतिपय अवस्थामा स्वार्थकेन्द्रित गतिवधि देखिएकाले त्यस्ता प्रवृत्तिप्रति सम्पूर्ण राजनीतिक दल, सरकार स्वयं र आम नेपाली जनतासमेत सजग र सचेत हुनु आवश्यक छ, जारी सन्देशमा भनिएको छ ।सन्देशमा प्रजातन्त्र प्राप्तिको मार्गदर्शनमा वर्तमान संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पसहित सङ्घीयता, धर्मनिरपेक्षता, लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाजस्ता आधारभूत विशेषतालाई अङ्गीकार गर्दै न्याय र समानतामा आधारित समाजवादोन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको उल्लेख गरिएको छ ।

संविधानको मर्म र भावनाबमोजिम राज्यको शासन व्यवस्था सञ्चालन गर्न, नागरिकका आधारभूत मौलिक हक तथा मानवअधिकारको कार्यान्वयन गर्दै लोकतन्त्रका लाभहरूको समतामूलक र समन्यायिक वितरण गर्नतर्फ हाम्रो ध्यान जानु जरुरी छ, सन्देशमा भनिएको छ,राजनीतिक परिवर्तन संस्थागत भए पनि जनताले द्रुत आर्थिक विकास, सामाजिक न्याय र सुशासनको पूर्ण अनुभूति गर्न भने पाएका छैनन् ।

नेपाली जनताको लोकतन्त्रप्रतिको समर्पित भावना र दृढ इच्छाशक्तिकै कारण संविधानमार्फत जनतामा निहित सार्वभौमसत्ता, स्वायत्तता र स्वशासनको अधिकारप्राप्त भएको उल्लेख गर्दै सन्देशमा उनले प्रजातन्त्रको जगमा अहिले हामीले सङ्घीय लोकतान्त्रिक गणतन्संसदीय शासन व्यवस्था अवलम्बन गरेको बताए ।

दिवसले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न लोकतान्त्रिक व्यवहारलाई आत्मसात् गर्ने प्रेरणा सबैमा मिल्ने उनले सन्देशमा उल्लेख गरेका छन् ।रासस

# ढल्केबर-मुजफ्फरपुरबाट थप दुई सय मेगावाट बिजुली लैजान भारत सहमत



काठमाडौँ, ७ फागुन
नेपाल र भारतका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जोइन्ट स्टेयरिङ कमिटी)को बैठक सकिएको छ । भारतको राजस्थानस्थित माउन्ट आबुमा शनिबार साँझ सम्पन्न संयुक्त निर्देशक समितिको १०औँ बैठकले अन्तरदेशीय विद्युत् व्यापार, विद्यमान प्रसारण लाइन तथा निर्माणाधीन र प्रस्तावित प्रसारण लाइनबारे केही महत्वपूर्ण सहमति जनाएको छ ।

हाल सञ्चालनमा रहेको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर चार सय केभी प्रसारण लाइनबाट आयात-निर्यात भइरहेको विद्युत् क्षमतालाई छ सयबाट बढाएर आठ सय पुऱ्याउने सहमति भएको बैठकमा सहभागी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधुप्रसाद भेटुवालले जानकारी दिए ।

त्यस्तै टनकपुर-महेन्द्रनगर एक सय ३२ केभी विद्युत् प्रसारणबाट ७० देखि ८० मेगावाटसम्म विद्युत् आयात-निर्यात गर्ने सहमति दुई पक्षबीच भएको छ । संयुक्त प्राविधिक टोलीबाट दुई सय मेगावाटसम्मको विद्युत् निर्यात गर्नका लागि सम्भाव्य विकल्पको अध्ययन गराउने सहमति भएको पनि उहाँले जानकारी दिए ।

यो बैठकपछि नेपालका अन्य आयोजनाबाट पनि बिजुली लैजान भारत सकारात्मक देखिएको जनाइएको छ । नेपालका विभिन्न जलविद्युत् आयोजनाहरूबाट उत्पादन हुने विद्युत् भारतीय बजारमा निर्यात गर्न अन्तरसरकारी सम्झौता गर्न नेपालले गरेको प्रस्तावमा भारत सकारात्मक देखिएको छ । नेपालबाट ५० मेगावाट बिजुली बङ्गलादेश निर्यात गर्ने सम्बन्धमा निश्चित आयोजनासहित प्रस्ताव पेस भएमा भारतको विद्युत् आयात-निर्यात निर्देशिकाबमोजिम स्वीकृति दिन भारतीय पक्ष सकारात्मक रहेको छ,सहसचिव भेटुवालले भने ।

एक सय ३२ केभी तथा सोभन्दा कम क्षमताको विद्यमान प्रसारण लाइनबाट वर्षायाममा नेपालबाट भारतको बिहार राज्यमा विद्युत् निर्यात गर्न आवश्यक संयन्त्र बनाउने पनि सहमति भएको छ ।

दोस्रो अन्तरदेशीय प्रसारण लाइनका रूपमा रहेको चार सय केभी नयाँ बुटवल-गोरखपुर प्रसारण लाइनअन्तर्गत भारतीय खण्डको निर्माणकार्य २०२५ मार्च सम्ममा सम्पन्न गर्नेसम्बन्धी सम्झौता चाँडै गर्नेबारे पनि दुवै पक्ष सहमत भएका छन् ।

सहसचिव भेटुवालका अनुसार नेपाल-भारतबीच थप दुईवटा चार सय केभी क्षमताका अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने पनि सहमति भएको छ । इनरुवा-पूर्णिया चार सय केभी प्रसारण लाइन सन् २०२७/२८ र न्यू लम्की-बरेली प्रसारण लाइन सन् २०२८/२९ सम्ममा निर्माण सम्पन्न गर्ने गरी काम सुरु गर्ने सहमति भएको हो ।

यो बैठकअघि अस्ति शुक्रबार दुई देशका सहसचिवस्तरीय संयुक्त कार्यदल (जोइन्ट वर्किङ ग्रुप)को बैठकसमेत बसेको थियो ।रासस

# भौतिक पूर्वाधार विकासमा गुणात्मक फड्को आवश्यक छ : प्रधानमन्त्री

काठमाडौँ, ७ फागुन
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासनका लागि सरकारले आधारभूत सुधारमा जोड दिएको र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले त्यसपक्षमा परिणामात्मक थालनी गरेकामा खुसी व्यक्त गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतवार उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठसहितको मन्त्रालयको टोलीसितको भेटमा उहाँले विकासको विस्तार, सुधार तथा प्रशासनको चुस्ततामा सरकारले जोड दिएको र त्यसले छिटोभन्दा छिटो सकारात्मक परिणाम दिने विश्वास व्यक्त गरे ।

विकासप्रतिको बुझाइमै ठीक दृष्टिकोण बनाउन जरूरी छ उनले भने ,त्यसका लागि ऐन-कानुनको संशोधनमा समेत सरकारको जोड रहेको छ ।प्रधानमन्त्री दाहालले देशलाई विकास र समृद्धिको दिशामा लैजाने राज्यका सबै अङ्ग तथा तहको समन्वयात्मक भूमिका र सङ्कल्प हुनुपर्ने उल्लेख गरे । उनले भने , वर्तमान सरकार देशका सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्य हासिल गर्न दृढतापूर्वक अघि बढिरहेको छ ।

तसर्थ, विकास र समृद्धिको लक्ष्य हासिल गर्न समन्वयात्मक भूमिका र सङ्कल्पका साथ अघि बढौँ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनताको दैनिक जीवनसँग जोडिएका प्रश्नलाई विज्ञहरू सम्मिलित कार्यदल बनाएर सम्बोधन गर्न पहल गरेकामा प्रधानमन्त्री दाहालले त्यसको सराहना गरे ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले प्रा डा सूर्यराज आचार्यको संयोजकत्वमा पूर्वाधार विकास प्रणाली सुधार कार्यदल, पूर्व सचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा समग्र यातायातमा सुधार अध्ययन कार्यदल तथा प्रा डा राजेन्द्रप्रसाद अधिकारीको संयोजकत्वमा सुशासन सुधार सुझाव कार्यदल बनाएको छ ।



उपप्रधानमन्त्री श्रेष्ठ, कार्यदलका संयोजक र उपप्रधानमन्त्रीको सचिवालय टोलीले प्रधानमन्त्री दाहालसँग छलफल गरेको हो । उपप्रधानमन्त्री श्रेष्ठले जनतालाई तत्काल र दीर्घकालीन राहत दिँदै सामाजिक न्यायसहित विकासमा गुणात्मक फड्को मार्ने, समाजवाद उन्मुख समृद्धि निर्माण गर्ने प्रधानमन्त्रीको लक्ष्यमा एकाकार भएर भौतिक पूर्वाधार एवं यातायातका क्षेत्रमा कयौँ सुधार थालिएको बताए । उनले त्यसका लागि कयौँ ऐन कानुनको परिमार्जनको आवश्यकतासमेत औँल्याए । त्यस क्रममा पूर्वाधार विकास प्रणाली सुधार कार्यदलका संयोजक आचार्य र यातायात सुधार कार्यदलका संयोजक पौडेलले कार्यदलले प्राथमिकतामा जोड दिन खोजेका विषयबारे प्रधानमन्त्री दाहाललाई ब्रिफिङ गरेका थिए । रासस

# प्रसारण लाइन र विद्युत् व्यापारमा सहमति

काठमाडौं, ७ फागुन
नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दशौँ बैठकले दुई मुलुकबीचको विद्युत् प्रसारण लाइन विस्तार र व्यापार प्रवर्द्धनमा महत्वपूर्ण निर्णय गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालका सचिव दिनेशकुमार घिमिरे र भारत सरकारको विद्युत् मन्त्रालयकासचिवआलोककुमारकोसहअध्यक्षतामा शनिबार भारतको राजस्थानस्थित माउन्ट आबुमा सम्पन्न बैठकले अन्तरदेशीय विद्युत् व्यापारका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माणलाई अगाडि बढाउने निर्णय गरेको छ। यो महत्वपूर्ण उपलब्धी हो।

बैठकमा शुक्रबार सम्पन्न दुई देशबीचका सहसचिवस्तरीय संयुक्त कार्यदलले ऊर्जा गरेको सिफारिसमाथि छलफल भएको थियो। विद्युत् उत्पादन, प्रसारण र व्यापारका लागि संयुक्त निर्देशक समितिको बैठक कोशेढुङ्गा भएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। बैठकमा सहभागी कार्यकारी निर्देशक घिसिङले नेपालले भारतको प्रसारण ग्रिडको प्रयोग गरी बङ्गलादेश विद्युत् निर्यातका लागि राखेको प्रस्तावलाई भारतले सकारात्मक रुपमा लिँदै निर्यात गरिने जलविद्युत् आयोजनाको नाम पठाएपछि आवश्यक सहमति दिने निर्णय भएको उल्लेख गरे। बङ्गलादेश विद्युत् निर्यात गर्ने आयोजनाको प्रस्ताव स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरण समक्ष बढाउने र प्राधिकरणले आवश्यक परीक्षण गरी भारत सरकाले जारी गरेको विद्युत् आयात/निर्यात (क्रस बोर्डर) निर्देशिकाको परिधिभित्र रहेर सहमति दिने निर्णय भएको छ, कार्यकारी निर्देशक घिसिङले भने।

इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत विद्युत् बिक्री गर्न अहिले हामीले एक वर्षको स्वीकृति पाउँदै आएकोमा यसलाई एक वर्षभन्दा बढाउन प्रस्ताव गरेका थियौं यसलाई जाँच गरी पुनरावलोकन गर्ने र अन्य थप आयोजनाका विद्युत् निर्यातका लागि हामीले पेश गरेका प्रस्तावलाई प्रक्रिया पुऱ्याएर स्वीकृति दिने सहमति भएको छ साथै रियल टाइम मार्केटमा सहभागी हुन गरिएको प्रस्ताव परीक्षणको क्रममा रहेको भारतीय पक्षले जानकारी गराएको छ, उनले थप जानकारी दिँदै भने।

कार्यकारी निर्देशक घिसिङले नेपाल-भारत अन्तरसरकारी सम्झौता आधारमा नेपालबाट दीर्घकालीन रुपमा विद्युत् निर्यातका लागि प्रस्ताव गरिएकोमा भारतीय पक्षले यसलाई सकारात्मक रुपमा लिँदै नेपालबाट प्रस्ताव प्राप्त गरेपछि जाँच गरी आवश्यक निर्णय लिइने जानकारी गराएको बताए। बैठकले टनकपुरबाट नेपालले विद्युत् आयात मात्र गर्दै आएकोमा अब निर्यात पनि गर्न पाउने निर्णय गरेको छ। बैठकले टनकपुर-महेन्द्रनगर एक सय ३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनबाट अप्रिलबाट जुनसम्म ७० मेगावाट र जुलाइबाट मार्चसम्म ८० मेगावाट विद्युत् दुवैतर्फ प्रवाह गर्न सहमति दिएको छ। यसबाट सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामास्थित जलविद्युत् आयोजनाको विद्युत् बर्खाको समयमा भारतको केन्द्रीय प्रसारण प्रणालीमा निर्यातका लागि बाटो खुलेको छ, कार्यकारी निर्देशक घिसिङले भने ,साथै हाल रहेको प्रसारण लाइनको क्षमता विस्तार गर्ने वा दुई सय केभीको नयाँ प्रसारण लाइन निर्माण गर्ने भन्ने बारे सम्भावित विकल्पहरु खोज्न संयुक्त प्राविधिक समूहलाई निर्देशन दिइएको छ।

नेपालले एक ३२ केभी तथा त्यसभन्दा कम क्षमताका प्रसारण लाइनमार्फत भारतीय बजारमा विद्युत् निर्यातका लागि राखेको प्रस्तावमा भारतले प्रस्ताव अन्तरराज्य प्रणाली कारोबारको भएको र प्रसारण शुल्क, चुहावट आदि विषय रहेकोले केन्द्रीय विद्युत् प्राधिकरणले भारतका निकायसँगको समन्यमा टुङ्गो लगाउने निर्णय भएको छ।

नेपाल र भारतबीच विद्युत् आयात निर्यातका लागि इनरुवा पूर्निया र नयाँ लम्की (दोदोधारा) र बरेली चार सय केभी प्रसारण लाइन क्रमश : सन् २०२७ र २८ र २०२८ र २९ सम्ममा सम्पन्न गर्ने गरी कार्यान्वयमा लैजाने निर्णय भएको छ। नेपालले उक्त प्रसारण लाइनहरु नयाँ बुटवल-गोरखपुर प्रसारण लाइनको लगानी मोडालिटमै बनाउने प्रस्ताव गरेको थियो। लगानी लगानी मोडालिटीलाई चाँडै टुग्याउने सहमति भएको छ। यी दुई प्रसारण लाइन निर्माण भएपछि दुई मुलुकबीचको विद्युत आयात निर्यातका लागि चार सय केभी क्षमताका पाँच वटा प्रसारण लाइनहरु हुनेछन्। नयाँ बुटवल-गोरखपुर लाइन कार्यान्वयन तथा प्रसारण सेवा सम्झौता छिट्टै सम्पन्न गर्ने र लाइन मार्च २०२५ सम्ममा निर्माण सम्पन्न गर्ने निर्णय भएको छ। रासस

## मानअधिकार उल्लंघनको ..............................

दाबी छ।सन् २०२२ मा राज्य र गैर राज्य पक्षबाट गरी ६ सय ६८ वटा मानवअधिकार उल्लंघनको घटना भएका छन्। इन्सेक सार्वजनिक गरेको मानवअधिकार वर्ष पुस्तक २०२३ मा सन् २०२२ मा राज्य पक्षबाट ४१ र गैर राज्यपक्षबाट ६ सय २७ गरी कूल ६ सय ६८ वटा मानवअधिकार उल्लंघनको घटना भएको हो। अन्य मानवअधिकार उल्लंघनको घटनामा घाइते ३२, बालअधिकार हनन २ सय, महिला अधिकार हनन् २ सय १०, कुटपिट ८७, यातना १, धम्की ५, अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार हनन् २५, जातीय विभेदको २ वटा घटना भएको छ।

## विद्यालयमा राजनीतिक ..............................

सेवा दिने कार्यालय सहयोगीहरुको पनि लाइन लागेको बताए। उनले यस विद्यालयको अवस्था असाध्यै दयनीय रहेको र त्यसमा पनि राजनीतिकरण बढेकोले विद्यालयको भविष्य नै अन्कारमय बनेको बताए। यसबारे विद्यालयका प्रधानाध्यापक लालबाबु प्रसाद चौहानले आफू यही माघ ३ गतेबाट कार्यभार सम्हालेकोले विस्तारै विद्यालयको समस्यालाई सुधार गर्दै जाने बताए। उनले दरबन्दी अनुसार १ जना स्थायी, २ जना राहत तथा १ जना बालविकास तथा १ जना कार्यालय सहयोगी कार्यरत रहँदै आएकोमा गाउँघरकै थप २ जना व्यक्तिले अध्यापन गराई रहेको र १ जना कार्यालय सहयोगीले खाजा बनाउने काम गरिरहेको स्वीकारे। 'हाल कार्यरत व्यक्तिहरुको कसैको पनि नियुक्ति भएको छैन। अनुभव बटुल्नको लागि र विद्यायलाई सहयोग गर्ने उद्देश्यले उनीहरु विद्यालयमा अध्यापन गराउँदै आएका छन्' चौहानले भने' विद्यालयलाई श्रमदान गर्न ३ जना व्यक्तिहरु कार्यरत छन्, विवाद उत्पन्न भएमा चाँडै नियम प्रक्रिया पुरा गरि शिक्षक भर्ना गरिने छ।'

## प्रहरी प्रशासनको सेटिङ्गमा ..............................

राजस्व संकलन भएको सिरहा भन्सार कार्यालय माडर खैरटोकाका सूचना अधिकारी नायब सुब्बा गोपाल महतोले जनाएका छन्।

चालु आर्थिक वर्षको साउनदेखि माघसम्मको ७ महिनाको तथ्यांकले नै सिरहा जिल्लामा तस्करी भइरहेको पुष्टि गर्ने स्थानीय बताउँछन्।

तस्करहरुले सीमानाकामा बस्ने प्रहरी जवानदेखि जिल्लाका सुरक्षा प्रमुख लगायतका कर्मचारीहरुलाइ एकमुस्ठ रुपमा मोटो रकम तिरेर नाकाहरुको वरिपरि राखिएका गोदाममा भण्डारण गर्ने र रातभरी निर्धक रुपमा प्रहरी प्रशासनकै आँखा अगाडीबाट तस्करी गर्ने गरेको स्थानियहरु बताउछन्।

सीमानाका तस्करीको विशेष निगरानी गर्न खटाइएका शसस्त्र प्रहरी,नेपाल प्रहरीहरुले नै तस्करसँग नजराना लिइ तस्करीको सामान नियन्त्रण गर्नुभन्दा पनि तस्करको संरक्षणतर्फ लाग्ने गरेको एक व्यवसायी बताउँछन्। उनले भने,'प्रहरी प्रशासनलाई मासिक रुपमा आफूहरुले लाखौं रुपैयाँ बुझाएर मात्र मालसमान ओसार पसार गर्न पाइन्छ।'

सीमानाकामा नेपाल प्रहरी र शसस्त्र प्रहरीको बाक्लै उपस्थिति रहेपनि तस्करले भन्सार राजश्व छली गरी निर्धक्क मालसामान वारपार गर्ने गरेको स्थानियहरु बताउँछन्। जिल्लाको माडर,औरही, बरियारपट्टी नरगी, कुसन्डी, झाझपट्टी, चतरी, कल्याणपुर, पटेर्वा लगायतका नाका तथा चोरबाटोहरु प्रयोग गरी तस्कर हरुले रातको समयमा चिनी, कपडा, मोटरपार्टस्, किरानाका सामान, ग्यास चुल्हो, पान मसाला, सुर्तीजन्य पदार्थ(रजनीगन्धा, गुटखा) भन्सार राजश्व छली गरी वारी (नेपाल ) भित्र्याउँछन्। नेपालबाट व्यापक रुपमा मदिरा, चाइनिज स्याउ, सुपारी लगायतका सामाग्रीहरु पारि (भारतीय बजार )पुग्ने गरेको एकजना स्थानीयले सुनाए। उनले थपे , 'यस क्षेत्रबाट रातभरी प्रहरी प्रशासनकै सेटिङमा भारतीय बजारबाट मालसमान ल्याएर टेम्पो,पिकअप र मोटरसाइकल मार्फत सिरहा सदरमुकाम लगायतका बजारहरु मिर्चैया ,गोलबजार,लाहान, लगायतको वजारसम्म पुर्याइन्छ।' सुरक्षाकर्मीले नै तस्करहरुलाइ 'लाइन क्लियर' रहेको संकेत गरेपछि उनीहरुले अन्धाधुन्द सामान ढुवानी गर्ने गरेको स्थानीयको कथन छ।

जिल्लामा चोरी तस्करी भइरहेको विषयमा शसस्त्र प्रहरी वल नेपाल नः७ गण हेक्वा सिरहाका प्रमुख प्रमोद भारतीसँग जिज्ञासा राख्दा, उनले भने 'म आए लगतै सम्पुर्ण सिमानाकामा कडाइकासाथ खटिन र तस्करी नियान्त्रण गर्न निर्देशन गरिसकेको छु '। ' म आएको २० दिन मात्र भएको छ,आए लगतै चोरी तस्करी नियन्त्रणमा खटिरहेका छौं' भारतीले भने 'चोरी तस्करीमा हाम्रो युनिटको कुनै किसिमको संग्लनता भए कडा कार्यवाही हुन्छ।' यसै सन्दर्भमा जिल्ला प्रहरी कार्यालयका प्रमुख 'एसपी'टेकु नन्द लिम्वुसँग सम्पर्क गर्दा उनले अहिले मिटिङमा रहेको जवाफ दिएपछि थप कुरा हुन सकेन।

यता भारतीय वजारबाट भन्सार छली गरी ल्याइएका सामान भण्डारण गरिने लहान, सिरहा, मिर्चैया र गोलबजारका गोदामबारे स्थानीयबासी जानकार रहेपनि प्रहरीले वेखवर झै गुमनाम भएर बसेका छन्। सिङगो राज्य नै आर्थीक संकट झेलिरहेको अवस्थामा भारतीय वजार संगै जोडिएका सीमानाकामा विगत लामो समयदेखि तस्करी भईरहँदा र सुरक्षा निकायका प्रमुखदेखि भन्सार कर्मचारीले मोटो रकम असुली गरिरहँदा पनि राज्यका जिम्मेवार निकाय मौन जस्तै देखिन्छन।

# जिम्मेवार पत्रकारिता गर्न मन्त्री सिंहको आग्रह

मधेशदृष्टि
जनकपुरधाम, ७ माघ। मधेश प्रदेशको गृह तथा सञ्चारमन्त्री शत्रुधन प्रसाद सिंहले संचारकर्मीहरुलाई जिम्मेवार पत्रकारिता गर्न आग्रह गरेका छन्।

गृह तथा सञ्चारमन्त्री सिंहले राष्ट्रिय समाचार समितिको ६२ औं वार्षिकोत्सव अवसरमा मधेश प्रदेशको कार्यालयले आइतवार जनकपुरधाममा आयोजना गरेकोँ लोकतन्त्रमा जिम्मेवार पत्रकारिता र राससको भूमिका विषयक विचार गोष्ठीमा बोल्दै ले मन्त्री सिंहले जिम्मेवार पत्रकारिता नै जनताको विकास प्रतिको आकांक्षा पुरा गर्ने भएकाले पत्रकारहरूले जनतालाई केन्द्रमा राखेर काम गर्न आग्रह गरे।

उनले संघीय लोकतन्त्र एवं गणतन्त्र स्थापना भएको पाँच वर्षको अवधिमा प्रदेशका जनताले कतिको सेवा सुविधा पाएको छ वा छैन त्यस विषयमा पनि निष्पक्ष रुपमा कलम चलाई दिनका लागि आग्रह गरे।

गृह तथा सञ्चारमन्त्री सिंहले कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकालाई जिम्मेवार बनाउनका लागि पत्रकारिताले निरन्तर रुपमा कलम चलाउन आवश्यक भएको बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन यादवले स्थानीय तहमा हुने गरेको ढिला सुस्ती तथा अनियमितताको विषयमा निरन्तर रुपमा खबरदारी गर्नका लागि पत्रकार हरूलाई आग्रह गरे। जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले राष्ट्रिय समाचार समितिले निष्पक्ष तथा तटस्थ रुपमा समाचार सम्प्रेषण गर्दै आएको र अगामी दिनमा थप जिम्मेवारीका साथ अगाडी बढ्न जरुरी रहेको बताए।

त्यस्तै लक्ष्मीनिया गाउँ पालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले पत्रकारिता क्षेत्र जिम्मेवारीको क्षेत्र भएको बताउँदै पत्रकार हरूले समाचार लेख्दा निष्पक्ष रुपमा मात्र लेख्नु पर्ने धारणा राखे।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दहालले पत्रकारिता जगत जहिले पनि राष्ट्र तथा जनतालाई केन्द्रमा राखेर काम गर्न आवश्यक भएको बताउँदै सामाजिक, राजनीतिक, प्रशासनिक विकृतिका विषयमा खुलेर कलम चलाउनका लागि आग्रह गर्नु भयो।

राष्ट्रिय समाचार समिति मधेश प्रदेशका कार्यालय प्रमुख टिकाराम सुनारको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साह, मधेश प्रज्ञा प्रतिष्ठानका उपकुलपति रामभरोस कापडी, आम सञ्चार प्राधिकरणका अध्यक्ष श्याम सुन्दर यादव, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास र नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष अनिल कर्ण सहितका वक्ताहरूले आ आफ्ना धारणा राखेका थिए।

## दिल्ली चलखेलले ..............................

कायम गरी जन-सरकारको स्थापना गरिरहेको थियो। सन १९५० को डिसेम्बर १५ भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले सरदार वल्लभभाइ पटेललाई पदबाट हटाए। सो घटनाबाट भारतको लोकसभाका सदस्यहरू नेहरूसँग असन्तुष्ट हुन पुगेका थिए। ती सदस्यहरूले आफ्ना प्रधानमन्त्रीसँग तीसम्बन्धी अनेकौं कुराहरूका साथै नेपालको सम्बन्धमा भारत सरकारले के गरिरहेको छ भन्ने प्रश्न गरिरहेको थिए। यस बेलासम्म नेहरूले नेपाल सरकार समक्ष पेश गरेको नयाँ प्रस्तावबारे लोकसभामा जानकारी गराएका थिएनन्। अर्कोतिर आफुले नेपाली प्रतिनिधिमण्डल मार्फत नेपालका प्रधानमन्त्री र नेपाल सरकारसमक्ष प्रस्तुत गरेको नयाँ प्रस्तावबारे उनलाई कुनै खबर नगरेकोले उनी रिसाउन थाले। त्यसैले उनले आफ्नो लोकसभाका सदस्यहरूलाई सन्तुलन राख्न र अर्कोतिर राणा सरकारलाई पनि कडा चेतावनी दिने उद्देश्यले सन १९५० डिसेम्बर २१ बिहीबारका दिन नेपालसम्बन्धी आफूले प्रस्ताव गरेको नयाँ प्रस्ताव र त्यसप्रति नेपालका प्रधानमन्धी मोहन शमशेरले कस्तो प्रतिक्रिया देखाए त्यससम्बन्धी जानकारी पहिलोपल्ट गराए। त्यसै समयमा उनले 'नेपालले राजनैतिक सुधार गर्न र सन्तोषपूर्ण ढङ्गले यो झमेला सुल्झाउन ढिलासुस्ती गर्यो भने, नेपालले शान्ति सुरक्षालाई नै खतरा पुग्ने छ भनी राणा सरकारलाई चेतावनी पनि दिए।

जवाहरलाल नेहरूले भनेका थिए

हामीहरू यो जवाफको मैत्रीपूर्ण भावलाई सराहना गर्छौ र नेपाल सरकारलाई हतार गराउने इच्छा राख्दैनौं। त्यसबेला हामी यो यर्थाथलाई पनि उपेक्षा गर्न सक्तैनौ कि सम्झौतामा ढिलाई गर्दा यसले परिस्थितिलाई झन खराब बनाउने सम्भावना छ। हामीले यो महिनाको शुरुमा अन्तर्राष्ट्रिय मामिलामा छलफल गरेदेखि, दुर्भाग्यवश, संसारको परिस्थिति झन अन्धकार भएको छ। यो हाम्रो पक्का विश्वास छ कि नेपालमा राजनैतिक सुधार सन्तोषजन सम्झौता गर्नमा जति ढिलाइ हुन्छ त्यति बढि नेपालको सुरक्षा र आन्तरिक शान्तिलाई खतरा हुन्छ।

आफुले प्रस्तुत गरेको प्रस्तावलाई राणा सरकारले सहमति जनाउन ढिलाई गरेको देखेपछि भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले त्यस नयाँ प्रस्तावमा राजा त्रिभुवनको समर्थन रहेको देखाउन सके नेपालभित्र पनि सो प्रस्तावलाई स्वीकार गर्न राणा सरकारलाई दबाब बढ्नसक्ने स्थितिको सृजना हुनसक्ने महसुस गरे। त्यसैले उनले राजा त्रिभुवनलाई सो नयाँ प्रस्तावको समर्थन गर्न र त्यससम्बन्धी आफ्नो विचार व्यक्त गर्न अनुरोध गरे।तर भारतीय विद्धानहरूको भनाइमा यो प्रधानमन्त्री नेहरूले विश्वको अगाडि गरेको एउटा नाटक मात्र हो। किनभने नेपालका राजा त्रिभुवनले उक्त नयाँ प्रस्तावलाई भारत सरकारले राणा प्रतिनितिमण्डललाई हस्तान्तरण गर्नुअघि नै सहमति जनाइ सकेका थिए।

भारतका प्रधानमन्त्रीको अनुरोधलाई कार्यान्वयन गर्नु अघि राजा त्रिभुवनले सर्वप्रथम २२ डिसेम्बर १९५० शुक्रबारका दिन बिहानै नयाँदिल्लीस्थित आकाशवाणी केन्द्रबाट नेपाल र नेपालीप्रति शुभेच्छा प्रकट गरे। आफ्नो उक्त शुभेच्छामा राणा सरकारलाई सचेत र सर्तक हुने संकेत गर्दै 'राजनैतिक कुशलताको परिचय दिन' अनुरोध गरेका थिए ।राजा त्रिभुवनले नेपाल र नेपालीलाई शुभेच्छा प्रकट गर्दै राणाहरूलाई सर्तक र सचेत हुने संकेत गरेको दिन नै भारतका प्रधानमन्त्रीले राणा सरकार समक्ष राखेको नयाँ प्रस्तावको स्वागत पनि गरे। नेपाल छोडेर भारतमा शरण लिएपछि राजा त्रिभुवनले खुल्ला रुपमा नेपाल र नेपालीप्रति आफ्नो चासो देखाएर विचारहरू व्यक्त गर्न पाएको र गरेको यो पहिलो पटक थियो। वास्तवमा केही समय अघि नेपालको राणा सरकारको कैदबाट मुक्त भएका राजा त्रिभुवन यतिखेर भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू आफ्नो कैदमा परेका राजा त्रिभुवनमार्फत नेपालमा आफ्नो र आफ्नो राष्ट्रको हित हुने राजनैतिक स्वार्थपूर्ति गर्न चाहन्थे र उनी त्यसैको प्रयासमा थिए। यो कुरा विजय शमशेरलाई पनि थाहा थियो। तर उनी पनि नेहरूको राजनैतिक कुटनीतिकभित्र फसिसकेका थिए। त्यसैले केही गर्न सक्दैन थिए। भारतका प्रधानमन्त्रीले नयाँ प्रस्ताव राख्दा जसरी उनले सम्बन्धित पक्षलाई वास्ता गरेका थिएनन त्यसरी नै राजा त्रिभुवनले पनि अरु त अरु सशस्त्र आन्दोलनमा संलग्न नेपाली कांग्रेसलाई समेत नसोधी नेहरूको नयाँ प्रस्तावलाई स्वागत गरेका थिए। उनको यस कार्यले सशस्त्र आन्दोलनमा लगातार सफलता प्राप्त गर्दै अघि बढिरहेको नेपाली कांग्रेसको गन्तव्यमा केही अप्ठ्यारो पुर्यायो। भारत सरकारले राखेको नयाँ प्रस्तावबारे नेपालमा राणा भारदार हरूकाबीच छलफल हुँदा राणा भारदारहरू तीन गुटमा विभाजित हुनपुगे। एक गुटले त्रिभुवनलाई नै राजा मान्ने, अर्को दल ज्ञानेन्द्रलाई राजा मान्ने र तेस्रो दल एउटा वैधानिक सभा बोलाउने र त्यसले नै त्रिभुवन र ज्ञानेन्द्रमध्ये जसलाई राजा मान्ने निर्णय गर्दछ त्यसलाई नै राजा मान्ने आ-आफ्ना विचारहरू व्यक्त गरे। त्रिभुवनलाई नै राजा मान्नु पर्दछ भन्नेहरूको संख्या शुरुमा बीस मात्र थियो। तर स्थिति परिवर्तन हुँदैजाँदा सो संख्या बढेर एकसय बीसजना पुग्न गएको थियो। यसरी त्रिभुवनलाई नै राजा माननुपर्दछ र उनलाई झिकाउनु पर्दछ भन्ने दबाब मोहन शमशेरलाई दिन परदिन बढ्दै पनि गइरहेको थियो। यस दलमा बहादुर शमशेर, किरण शमशेर, नर शमशेर, लक्ष्मण शमशेरको साथसाथै नृपजङ्ग राणा, खड्ग नरसिंह, परीक्षत नरसिंह पनि थिए। यिनीहरूले राजा त्रिभुवनको समर्थनमा जुलुस निकाली नारा समेत लगाएका थिए। उनीहरूले आ-आफ्ना पदबाट राजीनामा दिनुको साथै त्रिभुवनलाई नै राजा मान्छौं भनी एकसय बीसजनाले नै सही गरेको कागज भारतीय दूतावासमार्फत गोप्य रुपमा दिल्ली पठाएका थिए।

राणा भारदारहरू शुरुमा त्रिभुवन र ज्ञानेन्द्रलाई राजा मान्ने दुई गुटमा मात्र विभाजित थिए। वैधानिक सभा बोलाउने र उसको निणार्यले जसलाई राजा मान्ने निर्णय गर्दछ त्यसलाइ नै राजा मान्ने विचार राख्ने तेस्रो दल भारतका प्रधानमन्त्री नेहरूले नयाँ प्रस्ताव नेपाल पठाएपछि देखापरेको थियो। त्यसैले यो दल देखा पर्नुको पछाडि विजय शमशेरको भूमिका भएको शंका विद्वानहरूले गरेको छन्।

यसरी राणा भारदारहरू तीन गुटमा विभाजित भए तापनि प्रधानमन्त्री मोहन शमशेर भने त्रिभुवनलाई नै राजा मान्ने कुरामा सहमत हुन सकेनन्। उनी आफ्नो पुरानो विचारमा नै अडिग रहिरहे र उनले भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले भारतको लोकसभामा व्यक्त गरेको नेपालसम्बन्धी विचार, राणा सरकारप्रति व्यक्त गरिएको रिस र राजा त्रिभुवनको नेपाल र नेपालीप्रति व्यक्त शुभेच्छा र राजनीतिमा सचेत हुने सुझावको प्रतिउत्तरमा सन १९५० को डिसेम्बर २४ आइतबार ''तीन वर्षभित्र नेपालमा एक वैधानिक सभा गठन गर्ने कुराको घोषणा गरे। यसरी प्रधानमन्त्री मोहन शमशेरले आफ्नो विचार नछोडी भारतका प्रधानमन्त्री नेहरूले राखेको नयाँ प्रस्तावको एउटा शर्तलाई स्वीकार गरी उनको पनि कदर गरेको जस्तो देखाउन प्रयास गरे। प्रधानमन्त्री मोहन शमशेरले आफुले गरेको त्यही निर्णयलाई नै राणा सरकारको निर्णय बनाएर सो सम्बन्धमा भारत सरकारसँग छलफल गर्न दोस्रो पटक सन १९५० को डिसेम्बर २६ मंगलबार विजय शमशेर र नरेन्द्रमणी आ.दी.लाई नयाँ दिल्ली पठाए। राणा प्रतिनिधिमण्डल नयाँ दिल्ली पुगेको भोलिपल्ट नै उनीहरूले नेपाली दूतावासमा एउटा पत्रकार सम्मेलन गरी नेपाल सरकारको नयाँ प्रस्तावलाई एउटा पत्रकारमार्फत व्यापक बनाए। नेपाल सरकारको उक्त नयाँ प्रस्तावमा निम्न कुराहरू थिए

१.तीन वर्षभित्र वालिगमताधिकारको आधारमा संवैधानिक सभाको गठन गरी नयाँ संविधान तयार गर्ने।

२.़९ सदस्यीय मन्त्रिमण्डलमा तीनजना जनप्रतिनिधिहरूलाई समावेश गरी संयुक्त उत्तरदायित्व दिने।

३. जबसम्म नयाँ संविधान निर्माण भई घोषणा हुदैन तबसम्म सन १९४८ को नेपाल सरकारको वैधानिक कानूनको आधारमा शासन चलाउने।

४. राजनैतिक दल गठन गर्ने अधिकार दिने र

५. देशद्रोही र अपराधीहरू बाहेक अन्य सबै नेपालीहरूलाई नेपाल फर्कन दिने।

आफूले राखेको प्रस्तावलाई अस्वीकार गरी राणा सरकारले राजा त्रिभुवनको बारेमा शासन व्यवस्थामा राजनैतिक दलहरूको संलग्नताको विषयमा कुनै चर्चा नै नगरिएको नयाँ प्रस्ताव राखेकोमा भारतीय प्रधानमन्त्रीलाई चित्त बुझेन। त्यसैले यस पटक राणा प्रतिनिधिमण्डलाई उनले भेट नै गरेनन्। भारतीय प्रधानमन्त्रीको त्यस व्यवहारले गर्दा राणा प्रतिनिधिमण्डलले यस पटक भारतको सेक्रेटरी जनरल सर गिरिजाशंकर वाजपेयी र नेपालका लागि भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहसँग मात्र छलफल गर्यो उनीहरूले पनि राणा प्रतिनिधिमण्डललाई 'भारत सरकारले नेहरूको प्रस्ताव राणा परिवारको नै राम्रो होस' भनी तयार गरेको हुँदा सो प्रस्तावलाई मान्नुमा नै राणा सरकारको हित हुने कुरा बताउन थाले। यसरी भारत सरकारले आफ्नो प्रधानमन्त्रीले राखेको प्रस्तावमा अडान मात्र लिएनन् यसको साथसाथै राणा सरकारले सो प्रस्ताव नमानेको खण्डमा भारत नेपालबीचको सम्बन्ध पनि नराम्रो हुनसक्ने चेतावनी पनि दिए। राणा प्रतिनिधिमण्डल भारतमा नै रहेको बेला काठमाडौंमा प्रहरीको कुटाईले न्हुच्छेरत्न तुलाधरको मृत्यु भयो। राणा सरकारको विरोधमा संलग्न भएका काठमाडौं निवासीहरूले उनको मृत्यु र उनको लासलाई पनि राणाहरूको विरोध गर्ने माध्यम बनाए र त्यसैमा ठूलो जुलुस निकाले। भारत सरकार त्यसमा पनि प्रधानमन्त्री नेहरूले नेपालसम्बन्धी जुन किसिमको नीति लिएका थिए। त्यसको पनि समर्थन र विरोध भइरहेको थियो। भारतले नेपालसम्बन्धी राखेको प्रस्तावको ठूलो विरोध भारतमा भारतीय साम्यवादी दल र केही समाजवादी नेताहरूले गरिरहेका थिए। सन १९५० को डिसेम्बर २७ का दिन जयप्रकाश नारायण र डा.ॢ राममनोहर लोहियाले पनि एक वक्तव्यमा प्रकाशित गरी भारत सरकारले अपनाएको नीतिबारे आलोचन गरेका थिए। उनीहरूले आफ्नो वक्तव्यमा भारत सरकारले एकातिर राजा त्रिभुवनलाई मान्यता दिएको र अर्कोतिर मोहन शमशेरलाई नै नेपालको वैधानिक सरकारको रुपमा उनीसित मात्र कुराकानी गरिरहेका छन भनी भनेका थिए। त्यस्तै गरी भारत सरकारले राखेको प्रस्तावलाई लिएर 'भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गरेको छ' भनी अखिल भारतीय हिन्दु महासभाले एक वक्तव्य निकाली भारतीय नीतिको आलोचना गर्यो। त्यस्तै गरी भारतको नै एक वामपन्थी नेताले त राणाहरूलाई नयाँ सरकारमा सम्मिलित गराउनु नै हुँदैन भनी आफ्नो विचार व्यक्त गरेका थिए।

बेलायत, अमेरिका र फ्रान्सले भने अघिबाट नै नेपालको सम्बन्धमा टिका टिप्पणी गर्न छोडिसकेका थिए। त्यसैले अहिलेको स्थितिमा पनि कुन विचार ठिक हो र कुन बेठिक हो भन्ने किसिमको कुनै टिप्पणी उनीहरूले गरेनन् यस अर्थमा उनीहरूले भारतको नै नीतिलाई समर्थन गरेका थिए भनेर भन्न सकिन्छ।

प्रधानमन्त्री मोहन शमशेरको नयाँ प्रस्ताव लिई भारत सरकारसँग छलफल गर्न गएका राणा प्रतिनिधिमण्डलले त्यहाँ भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको व्यवहार, छलफलको क्रममा सेक्रेटरी जनरल गिरिजा शंकर वाजपेयी र सि.सि.एन. सिंहको भारतीय प्रस्तावमाथिको अडान र उनीहरूले दिएको चेतावनीलाई देखेपछि ६ जनवरी १९५१ शनिबारका दिन राणा प्रतिनिधिमण्डलका नेता विजय शमशेरले नयाँदिल्लीबाट नै प्रधानमन्त्री मोहन शमशेरलाई सवै विवरण आकाशवाणी गरी पठाए। यसको साथसाथै उनले प्रधानमन्त्री मोहन शमशेरलाई भारतको प्रस्तावलाई स्वीकार गर्नुबाहेक अरु कुनै उपाय नभएको जानकारी पनि दिए।

भारत सरकार त्यसमा पनि प्रधानमन्त्री नेहरूले नेपालसम्बन्धी जुन किसिमको नीति लिइरएका थिए। त्यसको पनि समर्थन र विरोध भइरहेको थियो। भारतले नेपालसम्बन्धी राखेको प्रस्तावको ठूलो विरोध भारतमा भारतीय साम्यवादी दल र केही समाजवादी नेताहरूले गरिरहेका थिए। सन १९५० को डिसेम्बर २७ का दिन जयप्रकाश नारायण र डा. राममनोहर लोहियाले पनि एक वक्तव्यमा प्रकाशित गरी भारत सरकारले अपनाएको नीतिबारे आलोचन गरेका थिए। उनीहरूले आफ्नो वक्तव्यमा भारत सरकारले एकातिर राजा त्रिभुवनलाई मान्यता दिएको र अर्कोतिर मोहन शमशेरलाई नै नेपालको वैधानिक सरकारको रुपमा उनीसित मात्र कुराकानी गरिरहेका छन भनी भनेका थिए। त्यस्तै गरी भारत सरकारले राखेको प्रस्तावलाई लिएर 'भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गरेको छ' भनी अखिल भारतीय हिन्दु महासभाले एक वक्तव्य निकाली भारतीय नीतिको आलोचना गर्यो। त्यस्तै गरी भारतको नै एक वामपन्थी नेताले त राणाहरूलाई नयाँ सरकारमा सम्मिलित गराउनु नै हुँदैन भनी आफ्नो विचार व्यक्त गरेको थियो।भारतमा भारत सरकारसँग छलफल गर्न गएको आफ्नो प्रतिनिधिमण्डलका नेता विजय शमशेर मार्फत आफुले राखेको प्रस्तावमाथि भारत सरकारको नकारात्मक धारणा रहेको जानकारीको साथसाथै भारतको प्रस्तावलाई नै स्वीकार गर्नपर्ने स्थितिबारे पूर्ण जानकारी प्राप्त गरेपछि प्रधानमन्त्री मोहन शमशेर आफ्ना भाई-भारदारहरूलाई छलफल गर्न भनी सन १९५० जनवरी ७ आइतबारका दिन सिंहदरबारमा बैठक बोलाए। उक्त सभामा प्रधानमन्त्रीले भारत सरकारले नेपालको सम्बन्धमा अपनाएको नीतिबारे विवरण दिए र त्रिभुवनलाई नै पुनः राजा मान्नु पर्ने स्थिति आइपरेको जानकारी पनि दिए। उक्त छलफल र जानकारीपछि अघि ७ नोभेम्बर १९५१ का दिन 'श्री ५ त्रिभुवनलाई राजा मान्दैनौ' भन्ने शिर व्यहोरा नलेखिएको खाली कागजमा सही गराएका थिए। त्यसरी नै अहिले श्री ५ त्रिभुवनलाई नै राजा मान्छौं भन्ने शिर व्यहोरा लेखिएको कागजमा सही गर्न लगाए।

यस पटकको सिंहदरबारको वातावरण १०३ दिन अघिको त्रिभुवनलाई राजा मान्दैनौं भन्दाखेरीको जस्तो थिएन। अहिलेको वातावरण नै खुल्ला र स्वतन्त्र थियो। यसबारे भीमबहादुर पाँडेल लेखेका छन् 'यस पटक सही गर्ने कागजको शिर-बेहोरा पनि लेखिएको थियो। सिंहदरबारमा तोप पनि राखिएको थिएन। सही पनि सिंहदरबारको मूलढोकाभित्रको ठूलो पटाङ्गिनीमा राखिएको पुस्तकमा भयो, हाँसी हाँसी सबै भारदारले श्री ५ त्रिभुवनलाई नै राजा मान्ने प्रस्ताव परेको पुस्तकमा सही गरे।' डा. राजेश गौतमको पुस्तक नेपालमा प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस पुस्तकको एक अंश, श्रोत :आइएनएस(स्वतन्त्र समाचार)

# उत्तर कोरियाद्वारा लामो दूरीको क्षेप्यास्त्र परीक्षण



सोल, ७ फागुन
अमेरिका र दक्षिण कोरियाले संयुक्त सैन्य अभ्यासको तयारी गरिरहेको बेला उत्तर कोरियाले लामो दूरीको क्षेप्यास्त्र परीक्षण गरेको छ । उत्तर कोरियाले शनिबार आफ्नो राजधानीबाट जापानको समुद्रमा लामो दूरीको क्षेप्यास्त्र प्रक्षेपण गरेको हो ।

अमेरिका र दक्षिण कोरियाको भावी संयुक्त सैनिक अभ्यासबाट क्रुद्ध भएको उत्तर कोरियाले अमेरिका र आफ्नो छिमेकी कोरियाविरुद्ध कडा कदम चाल्ने धम्की दिएको भोलिपल्ट क्षेप्यास्त्र परीक्षण गरेको हो ।

दक्षिण कोरियाली र जापानी सेनाका अनुसार क्षेप्यास्त्र छिमेकीहरूको इलाकामा नपुगोस् भन्ने ध्येयका साथ सावधानीपूर्वक प्रहार गरिएको थियो। एक घण्टामा अधिकतम पाँच हजार सात सय किलोमिटरको उचाइमा पुग्ने तथा करिब नौ सय किलोमिटर पर प्रहार गर्ने क्षमताका क्षेप्यास्त्र प्योङ्याङले परीक्षण गरेको हो । क्षेप्यास्त्रका जानकारहरूका अनुसार शानिबार परीक्षण गरिएको अन्तरमहादेशीय उक्त क्षेप्यास्त्र गत नोभेम्बरमा उत्तर कोरियाले गरेको शक्तिशाली क्षेप्यास्त्राजस्तै थियो । अमेरिकी मुख्यभूमिसम्म प्रहार गर्ने क्षमताको उक्त क्षेप्यास्त्रको हुनसक्ने उनीहरूको अनुमान छ । जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले ओशिमा टापुबाट करिब दुई सय किलोमिटर पश्चिममा रहेको जापानको विशेष आर्थिक क्षेत्रभित्र खसेको क्षेप्यास्त्रबाट कुनै क्षति नभएको बताएका छन् । ओशिमा होक्काइडोको उत्तरी मुख्य टापुको पश्चिमी तटमा अवस्थित छ ।

यसैबीच यूएस इन्डो-प्यासिफिक कमाण्डले उक्त प्रक्षेपणबाट अमेरिकी कर्मचारी, क्षेत्र वा यसका सहयोगीहरूलाई तत्काल जोखिम नभएको बताएको छभने ह्वाइट हाउस राष्ट्रिय सुरक्षा परिषद्ले अनावश्यक रूपमा कोरियाली प्रायद्वीपमा तनाव बढाएको जनाएको छ ।दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलको कार्यालयले उत्तर कोरियाले क्षेत्रीय तनाव बढाएको आरोप लगाएको छ । साथै उसले उत्तरको निन्दा गरेको छ । आर्थिक समस्या र खाद्यान्न समस्याबाट गुज्रिएको प्योङ्याङले आणविक हतियार विकासलाई तीव्र गतिमा अघि बढाएर अन्तर्राष्ट्रिय प्रतिबन्ध निम्त्याएको टिप्पणी गरेको छ ।

जापानका प्रधानमन्त्री फुमियो किशिदाले उक्त परीक्षणबारे दक्षिण कोरिया र अमेरिकासँग निकट सम्पर्कमा रहेर कुराकानी गरिरहेको बताएका छन् । उत्तर कोरियाको पछिल्लो कार्यले अन्तर्राष्ट्रिय व्यवस्थालई उत्तेजित बनाएको बताएका छन् । (रासस /एपी)

# राजर्षि जनक कपको उपाधी मछिन्द्रले उचाल्यो

घनश्याम बलम्पाकी
सर्लाही, ७ फागुन । सर्लाहीको बागमतीमा सम्पन्न सातौ राजर्षि जनककप फूटबल प्रतियोगिताको उपाधि मछिन्द्र क्लव काठमाण्डौले चुमेको छ ।

आइतवार बागमती नगरपालिका-१२ कर्मैयास्थित स्वर्गिय सन्तोष श्रेष्ठ स्मृति खेल मैदानमा सम्पन्न फाईनल खेलमा जावलाखेल युथ क्लव ललितपुरलाइ २-१ गोलको अन्तरले पराजित गर्दै मछिन्द्रले नगद १० लाख एक हजार सहितको उपाधि उचाल्न सफल भएको हो । खेलको २७ औं मिनेटमा जावलाखेलका जर्सि नम्बर १७ का आदित्य चौधरीले डिबक्स भित्र मछिन्द्रका जर्सि नम्बर १२ का अभिषेक गुरुङ्गलाइ लडाए पछि फउल प्राप्त गरेका मछिन्द्रलाइ पेनाल्टी अबसर प्राप्त गरेका थिए । त्यहाँ अवसरलाइ मछिन्द्रका जर्सि नम्बर १० का विमल घर्ती मगरको पेनाल्टी प्रहारबाट जाली चुमाइ टिमलाइ एक गोलको अग्रता दिलाएका थिए। खेलको ८० औं मिनेटमा मच्छिन्द्रका जर्सि नम्बर ११ का सुजल श्रेष्ठकले डिबक्स भित्रबाट गरेको प्रहारबाट गोलमा परिणत भएसंगै टिमलाइ २ -० गोलको अग्रता दिलाए ।

त्यसैगरी खेलको अन्तिम समय ८४ औं मिनेटमा मछिन्द्रका गोल किपर बिशाल श्रेष्ठले डिफेन्डर दिवाकर चौधरीलाई डिबक्स भित्रै दिएको पास पूनः चौधरीले किपर श्रेष्ठलाई फर्काउन खोज्दा बिचमै पाएका बललाई जावलाखेलका बिनोद केसीले जाली चुमाउन सफल भएका थिए । केसीले गरेका गोलनै जावलाखेलका लागि पहिलो र अन्तिम साबित भएको थियो ।



पहिलो खेल देखि नै निरन्तर खेल्नु परेकोले खेलाडीहरु केही थाकेको मछिन्द्रका प्रशिक्षक प्रवेश कटुवालले बताएका छन् । खेलाडीहरुमा थकान भएका कारण साबिक जस्तो खेल खेल्न सकेका थिएनन् । डिफेन्डरका गल्तीका कारण हामीले एक गोल खान पुगेका थियौं ।

जावलाखेलका प्रशिक्षक सुनिल श्रेष्ठले खेलाडीले राम्रो खेल खेलेपनि पहिलो गोल पेनाल्डीबाट खाएपछि केही निराश बनेका थिए। पहिलो गोल पेनाल्डीबाट नखाएको भए हामी नतिजा निकाल्न सक्थ्यौं ।

खेलको म्यान अफ द म्याच मछिन्द्रका क्याप्टेन सुजल श्रेष्ठलाई प्रदान गरिएको छ । श्रेष्ठ ट्रफी सहित नगद सहित १० हजार पाएका छन् । त्यसैगरी प्रतियोगिताको सर्बोत्कृष्ट खेलाडी बागमती युवा क्लबका सृजन गौतम भएका छन् । गौतमले ट्रफी सहित नगद रु ५१ हजार पाएका छन् । प्रतियोगिताको उत्कृष्ट किपर मछिन्द्रका विशाल श्रेष्ठ, उत्कृष्ट डिफेन्टर जावलाखेलका सिमान्त थापा, उत्कृष्ट मिड फिल्डर जावलाखेलका समिराज ठोकर, उत्कृष्ट स्ट्राइकर मछिन्द्रका विमल घर्ती मगर, उत्कृष्ट कोच मछिन्द्रकै प्रवेश कटुवाल भएका छन् । हरेक विद्यामा उत्कृष्ट भएका खेलाडीलाई जनही नगद रु २५ हजार र ट्रफी प्रदान गरिएको छ। त्यसैगरी प्रतियोगिताको उदयमान खेलाडीको उपाधि बागमती युवा क्लबका अभिषेक वाइवा भएका छन् । वाइवाले २०० सिसिका मोटरसाइकल पाएको बागमती युवा क्लबका अध्यक्ष किस्मत राज मैनालीले जानकारी दिएका छन् । माघ २५ गतेदेखि सुरु भएको प्रतियोगितामा १ बिदेशी २ बिभागिय सहित १२ वटा टिमको सहभागिता रहेको थियो ।

# इजरायलद्वारा सिरियामा क्षेप्यास्त्र प्रहार, पन्द्र जनाको मृत्यु



बेरुत, ७ फागुन
इजरायलले आइतवार बिहान यहाँ गरेको क्षेप्यास्त्र आक्रमणमा १५ जनाको मृत्यु भएको छ भने एउटा घर पूर्णरूपमा ध्वस्त भएको छ । इरानी सांस्कृतिक केन्द्र नजिक भएको उक्त आक्रमणमा सर्वसाधारणसहित १५ जनाले ज्यान गुमाएका सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले जनाएको छ।

सन् २०११ मा सिरियमा युद्ध शुरु भएदेखि इजरायलले सिरियामा हवाई हमला गर्दै आएको छ। उसले सिरियाली सेना, इरानी सेना र सिरियाली शासकका सहयोगी लेबनानको हिजबुल्लाह रहेका स्थानलाई लक्ष्यित गरेर आक्रमण गर्दै आएको छ। यद्यपि राजधानीका आवासीय क्षेत्रमा हमला भएको थिएन ।

इजरायलले कब्जा गरेको गोलान हाइट्सबाट दमास्कस र यसको आसपासका आवासीय क्षेत्रलाई ताकेर हवाई आक्रमण गरेको सिरियाको रक्षा मन्त्रालयले जनाएको छ । प्रारम्भिक विवरणअुनसार एक जना सिपाहीसहित पाँच जनाको मृत्यु भउको तथा १५ जना सर्वसाधारण घाइते भएका छन् । घाइतेमध्ये केहीको अवस्था गम्भीर छ।

काफर सुसा त्यो क्षेत्र हो जहाँ सिरियाली उच्च अधिकारी, सुरक्षा तथा गुप्तचर निकायका मुख्य कार्यालय छन्। इजरायली सेनाले सिरियामाथि हुने आक्रमणबारे कहिल्यै कुनै जानकारी दिँदैन । आफ्नो सीमा क्षेत्रमा इरानी प्रभाव बढ्न नदिन नियमितरूपमा उसले निगरानी तथा आवश्यकतानुसार क्षेप्यास्त्र प्रहार गर्दै आएको छ । आजको आक्रमणलाई सुरक्षा अधिकारीहरूले भीषण भनेका छन् ।
(रासस/एएफपी)

# टर्की भूकम्पः छयालीस हजारभन्दा बढीको मृत्यु



इस्तानबुल, ७ फागुन
टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा गत माघ २३ गते भएको भूकम्पमा परी ४६ हजारभन्दा बढीको मृत्यु भएको छभने हजारौं घाइते भएका छन् । टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्याग्निच्युडको भूकम्पबाट दश वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ। विपद् तथा आपत्कालीन व्यवस्थापन प्राधिकरण आज साँझदेखि खोजी तथा उद्धार स्थगन गरिने जनाउँदै चार लाख ३० हजार मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको बताएको छ । साथै खोज तथा उद्धारमा १३ हजार स्वयम्सेवक एवम् अन्य सहायताकर्मी परिचालन गरिएको जनाइएको छ। हालसम्म टर्कीएमा ४० हजार छ सय ४२ जना तथा सिरियामा पाँच हजार आठ सयले ज्यान गुमाएका दुवै देशका सरकारी अधिकारीले बताएका छन् । उनीहरूले मृतकको स~~या बढ्नसक्ने जनाएका छन्। टर्कीएमा तीन लाख ४५ हजार भवन भत्केका छन् भने भग्नावशेषमा धेरै हराइरहेका छन् । विश्व खाद्य कार्यक्रमले सिरियमा मानवीय सहायता सामग्री परिचालनमा कठिनाइ भएको जनाउँदै अवरोध नगर्न सम्बद्ध पक्षसँग आग्रह गरेको छ। उत्तरपश्चिम सिरियामा मानवीय सहायता उपलब्ध गराउन कठिन भएको उक्त संस्थाले बताएको छ । सिरियाली अधिकारीहरूले भूकम्प प्रभावित क्षेत्रमा आफ्नो पहुँचमा अवरोध खडा गरेको आरोप उक्त संस्थाले लगाएको छ । (रासस/एएफपी)

# पूर्वराष्ट्रपति कार्टर परिवारका साथ आफ्नै घरमा बाँकी जीवन बिताउँदै




एटलाण्टा, ७ फागुन
अमेरिकाका पूर्वराष्ट्रपति जिमी कार्टरले अतिरिक्त चिकित्सा हस्तक्षेपको सट्टा घरमै अस्पताल हेरचाह प्राप्त गर्ने र आफ्नो बाँकी समय आफ्नो परिवारसँग बिताउन निर्णय गरेका छन् । उनी कलेजो र मष्तिष्क रोगबाट पीडित छन् ।

चिकित्सक टोलीको रेखदेखमा घरमै आराम गर्ने निर्णय पूर्वराष्ट्रपतिले गर्नुभएको कार्टर सेन्टरले शनिबार एक वक्तव्य निकालेर बताएको हो ।

अमेरिकाको इतिहासमा ह्वाइट हाउसबाट बाहिरिएपछि लामो जीवन बाँच्ने पूर्वराष्ट्रपति ९८ वर्षीय कार्टर हुनुहुन्छ । उहाँले जनवरी १९७७ देखि जनवरी १९८१ सम्म अमेरिकाको ३९ औं राष्ट्रपतिका रूपमा देशको नेतृत्व गरेका थिए ।

आर्थिक सङ्कटबाट गुज्रिएको अमेरिकी अर्थतन्त्रलाई गतिशील तुल्याउनेदेखि इरान सङ्कट, ऐतिहासिक इजिप्ट-इजरायल शान्ति सन्धि गराउनेसम्मको केन्द्रीय भूमिका निर्वाह गर्नुभएका पूर्वराष्ट्रपति कार्टर पूर्वअभिनेता तथा क्यालिफोर्नियाका गभर्नर रोनाल्ड रेगनसँग सन् १९८० को चुनावमा पराजित भएका थिए ।

मानवीय सहायता, गरिबीको चपेटामा परेका अफ्रिकी महादेशका मुलुकका साथै विश्वका अन्य भागमा बढेको द्वन्द्व अन्त्य गर्न पूर्वराष्ट्रपति कार्टरले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न, लोकतन्त्र र मानवअधिकारको रक्षाका साथै आर्थिक एवम् सामाजिक विकासको प्रवर्द्धनमा अथक प्रयास गरेबापत उहाँलाई सन् २००२ मा नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो । (रासस /एपी)

# अफगानिस्तानमा भीषण हिमपहिरो र बाढी



अफगानिस्तान, ७ फागुन
भारी वर्षाका कारण हिमपहिरो र अचानक आएको बाढीले उत्तरी अफगानिस्तानमा व्यापक क्षति भएको छ । लाखौंको भौतिक सम्पत्ति नष्ट भएको छभने सयौं मानिस घरबारविहीन भएका छन् । प्राकृतिक प्रकोप व्यवस्थापन र मानवीय मामिलाका प्रान्तीय सरकारका निर्देशक मौलावी मोहम्मद अक्रम अकबरीले देशको उत्तरी बदख्सान प्रान्तको कोफाब जिल्लामा शनिबार दिउँसो भीषण वर्षा भएको जानकारी दिँदै जिल्लाको चान्टियो गाउँमा हिमपहिरो र बाढीले २० घर, २५ पसल र छ सय एकड जमिन पूर्णरुपमा ध्वस्त पारेको बताएका छन् । साथै उनले पीडित परिवारलाई सहयोग गर्न आह्वान गरेका छन् । विपद् पीडित परिवारलाई बेवास्ता गर्दा उक्त गाउँमा थप विपत्ति निम्तने चेतावनी उनले दिएका छन्। केही दिनअघिको भूकम्पले प्रान्तीय राजधानी फैजाबादमा र बाहिरका ७५ आवासीय घर ध्वस्त पारेको थियो । अफगानिस्तानमा पछिल्लो एक महिनामा भारी हिमपात र हिमपहिरोका कारण बालबालिकासहित करिब दुई सय जनाको ज्यान गएको छ। (रासस/सिन्ह्वा)



महिला पहलवान लाई अखाडामा उतार्दै मेयर रिना कुमारी साह। *तस्विर : मधेशदृष्टि*

# मौलापुर कुस्ती प्रतियोगितामा नेपाली र भारतीय पहलवानको भिडन्त

मधेशदृष्टि
रौतहट ७ फागुन ।
रौतहटको मौलापुर नगरपीकाद्वारा धार्मीक पर्यटन विकास तथा मधानी महायज्ञ लाई विश्व स्तरमा चिनाउने उदेश्यले आयोजित महोत्सवमा तेस्रो दिन भएको कुस्ती प्रतियोगितामा नेपाल तथा भारतका दर्जनौ पहलवानले आ आफ्नो प्रतिभा प्रदर्शन गरेका छन् । कुस्ती प्रतियोगितामा नेपालका चर्चित पहलवान देवा थापा र भारत हरियाणाका पहलवान मन्नु, नेपालका राष्ट्रिय खेलाडी लक्षमण यादव,ब्रह्मदेव यादव,मोखतार आलम ,भारत अयोध्याका अमित बाबा,र तिनजोडी महिला पहलवान दर्शकको लागि मुख्य आकर्षण को केन्द्र बनेको थियो। नगर प्रमुख मेयर रिना कुमारी साहले उदघाटन गरेको कुस्ती प्रतियोगितामा महिला पुरुषहरु ३० जना पहनवानले भाग लिएका थिए । कुस्ती हेर्न हजारौं दर्शकहरुको उपस्थिति रहको थियो । उक्त अवसरमा प्रमूख अतिथी पूर्व सांसद समिना हुसेन,पूर्व प्रदेश सांसद कुन्दन कुशवाहा,मेयर रिना कुमारि साह,देवाही गोनाहिका मेयर प्रेमलाल साह,कतहरियाका पूर्वमेयर सियाराम कुशवाहा, आमजनता पार्टिका केन्द्रीय सदस्य मनोज यादव,रिता साह, नागेन्द्र साह,अन्य जनप्रनिधीहरु चन्द्रशेखर साह, सर्जुग यादव, प्रधुमन बैठा लगायतको सहभागीता रहेको थियो ।

गत शुक्रबार उपराष्ट्रपति नन्द बहादुर पुनले औपचारिक रुपमा उदघाटन गरेको मौलापूर मधानि महोत्सव २०७९ को दोस्रो दिन शनिबार भारतीय भोजपुरी फिल्मका सुपर स्टार नायक पावन सिङ र नायिका काजल राघवानिको प्रस्तुति रहेको थियो । पावन र काजलको गीत तथा नृत्य हेर्न पर्सा,बारा, रौतहट, सर्लाही का साथै भारतीय क्षेत्र बाट एकलाख भन्दा बढी दर्शक जम्मा भएका थिए । उनीहरूको प्रस्तुती पछि आमजनता पार्टीका अध्यक्ष तथा पूर्व मन्त्री प्रभु साह र मेयर रिना कुमारी साहले भोजपुरी नायक पावन सिंह र नायिका काजल राघवानिलाई संयूक्त रुपमा मायाको चिनो दिएर सम्मानका साथ बिदा गरेका थिए । मौलापुर नगरपालिका द्धारा चौथो वर्ष आयोजित



मधनी महोत्सवमा भगवान शिवको विशेष पुजा अनुष्ठान, मौलापुर भुमि पुजन ,अस्टयाम , भएको थियो । उपराष्ट्रपति पुनले उदघाटन गरेपछि पहिलो दिन भारतीय भोजपुरी गायिका ईन्दु सोनालीले गीत तथा नृत्य प्रस्तत गरेकी थिइन । महोत्सवमा नेपाली तथा भारतीय दर्जनौं कलाकारको प्रस्तुती रहेको थियो । २०५६ सालमा जमीन उत्खननको क्रममा मौलापुर ५ पटौरा स्थित मन्दिरको आकृति फेला परेको थियो । तत्कालीन संघीय सांसद प्रभु साहको पहलमा नेपाल तथा विलायतका भूगर्भविद् ले उक्त मन्दीर कर्णाट काल अर्थात १ हजार वर्ष पुरानो रहेको अनुमान गरेको थियो । २०७६ सालमा मौलापु र नगरपालिकामा मेयरको रुपमा प्रभु साहकी पत्नी निर्वाचन भएपछि उनकै सल्लाह अनुसार उक्त स्थानमा पुरातात्वीक महादेव मन्दिरको निर्माण भएको हो । उक्त स्थानलाई विश्व सम्पदा सूचमा सुचिकृत गराउन सोही वर्ष देखि मौलापूर नगरपालिका द्धारा मधआनी महोत्सव आयोजना हुँदै आएको छ। पहिलो वर्ष राष्ट्रपति विधा देवी भण्डारी, दोश्रो पटक तत्कालीन उप प्रधानमंत्री संकर पोखरेल, तेस्रो पटक तत्कालीन मन्त्री टोपबहादुर रायमाझि र चौथो अर्थात यसपटक उपराष्ट्रपति पुनले उदघाटन गरेका छन् ।

देशको सय गन्तव्यको सूचीमा रहेको पुरातात्विक महादेव मन्दिर मौलापुर पाटौरा लाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन कुटनीतिक पहल गर्ने उप राष्ट्रपति पुनले प्रतिबद्धता जनाएका थिए ।




# अहमदियाको जलसा सम्पन्न



मधेशदृष्टि
वीरगंज, ७ फागुन ।
पर्साको विन्दवासिनी गाउँपालिका वडा नंबर ५ प्रसौनीभाठामा अन्तर्राष्ट्रिय अहमदिया संघको आठौं वार्षिक जलसा सालाना सम्पन्न भएको छ । प्रसौनीभाठा स्थित मसरुर पब्लिक आधारभुत विद्यालयमा परिसरमा आयोजित दुइ दिने जलसा सम्मेलनमा नेपालको झापा, सुनसरी, सप्तरी, सिरहा, काठमाडौं, तनहुँ, चितवन र धनगढी जिल्लाका साथै भारतबाट आएका प्रतिनिनधीहरुको पनि सहभागीता थियो । कार्यक्रमका प्रमुख अतिथि अहमदिया संघ भारतका मुनिर अहमद हाफिजाबादी साहबले सबै धर्मसँग आबद्ध व्यक्तित्वहरु एक आपसमा बसेर श्रष्टालाई सम्झने उद्देश्यले प्रत्येक वर्ष जलसाको आयोजना गर्ने गरिएको बताए ।भारतको पञ्जाबाट हजरत मिर्जा गुलाम अहमदले १ सय २४ वर्ष पहिले कादियानबाट शुरु गरेको जलसा प्रत्येक वर्ष २ सय ९ वटा देशमा आयोजना गर्ने गरिएको जानकारी दिदै उनले अहमदिया मुस्लिम जमात एक विशुद्ध धार्मिक तथा अध्यात्मिक जमात भएको र यसको राजनीतिसँग कुनै सरोकार नभएको बताए । कार्यक्रममा क्रिश्चियन समाज नेपालका अध्यक्ष प्रेम घिमिरे , ब्रहम कुमारी राजयोग सेवा केन्द्रका धर्मगुरु कुमेस कुमार, सिख समाज नेपालका अध्यक्ष रंजित सिंह लगायतले सबै धर्मगुरु र पवित्र पुस्तकको सम्मान गर्नु पर्नेमा जोड दिएका थिए । अहमदिया संघका राष्ट्रिय अध्यक्ष कमरुल होदा अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा जमात अहमदिया संघका सदर मोइन अहमद , पर्सा क्षेत्र नंबर ३ का प्रतिनिधि सभा सदस्य राजकुमार गुप्ता, प्रदेश सभा सदस्य जनार्दन सिंह क्षेत्री , विन्दवासिनी गाउँपालिकाका अध्यक्ष प्रमोद तिवारी, उपाध्यक्ष ज्योति चौरसिया, पुर्व उपाध्यक्ष किरण गुप्ता,वडा अध्यक्ष मोहन राउत अहिर लगायतको सहभागिता रहेको अहमदिया संघ नेपाल पर्साका इन्चार्ज हासिम अहमदले बताए ।

# राष्ट्रपतिको निर्वाचनमा नयाँ गठबन्धन बन्ने : चौरसीया



मधेशदृष्टि
वीरगंज, ७ फागुन ।
नेपाली कांग्रेसका केन्द्रिय सदस्य अजय चौरसियाले राष्ट्रपति निर्वाचनमा नयाँ गठबन्धन बन्ने बताएका छन् ।

उनले अहिलेको सत्ता गठबन्धन भत्किएर नयाँ गठबन्धन बन्ने दावी गरे । प्रजातन्त्र दिवसको उपलक्ष्यमा आइतवार वीरगन्जमा नेपाली कँाग्रेस पर्साको जिल्ला प्रशिक्षण शाखाले आयोजना गरेको नगर स्तरीय अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै केन्द्रिय चौरसियाले राष्ट्रपति निर्वाचनमा मुलुकको राजनीतिक कोर्ष परिवर्तन हुने दावी गरे । पर्सा क्षेत्र नम्बर २ को प्रतिनिधीसभा सदस्य समेत रहेका चौरसियाले राष्ट्रपति एमालेले अगाडि सारेको व्यक्ति हुने सम्भावना नरहेको पनि बताए । उनले एमालेको राष्ट्रपति बनेको खण्डमा रबर स्टाम्प मात्र बन्ने खतरा भएका कारणले नै प्रधानमन्त्री पुष्पकमल दाहाल र माओवादी केन्द्रले राष्ट्रपतिमा राष्ट्रिय सहमतिमा अडान राखेको चौरसियाले बताए । अहिले प्रधानमन्त्री दाहाल , एमाले र त्यसका अध्यक्ष केपी ओलीको घेरामा परेका कारण उनी निरिह बनेको भन्दै चौरसियाले त्यस कारण पनि नयाँ गठबन्धनको आवश्यकता भएको जिकिर गरे ।

कांग्रेसको जिल्ला प्रशिक्षण शाखाका अध्यक्ष रामनाराण कुर्मीको अध्यक्षतामा भएको प्रशिक्षण कार्यक्रमको उद्धाटन सत्रलाई जिल्ला सभापति एंव प्रदेशसभा सदस्य जनार्दन सिंह क्षेत्री, महाधिवेशन प्रतिनिधी एंव प्रदेशसभा सदस्य श्याम पटेल लगायतले पनि सम्बोधन गरेका थिए । प्रशिक्षण कार्यक्रममा कांग्रेसका जिल्ला प्रवक्ता रमेश पाण्डे, जिल्ला कोषाध्यक्ष प्रेम बहादुर थापा, जिल्ला सचिव समेत रहेका वीरगन्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलम , नेताहरु राजकृष्ण अमात्य , श्याम पोखरेल, प्रकाश उपाध्याय , दिना गुप्ता, श्रीकृष्ण चौहान, अनिल सिंह, नगर सभापति मणिन्द्रलाल श्रेष्ठ, काँग्रेस नेतृ किरण सरकार, नेविसंघका जिल्ला सभापति रमेश यादव लगायतको सहभागीता थियो ।

# फोहर फालेको आरोपमा एनआइसी बैंकलाई जरिवाना



मधेशदृष्टि
वीरगंज, ७ फागुन ।
बीरगंज महानगरलाई स्वच्छ सफा बनाउने अभियान विरुद्ध पटक पटक चेतावनी दिदा समेत सडकमा फोहोर फाल्ने एन आइ सी एशिया बैक बीरगन्ज शाखालाई अटेरी गर्दै फोहोर फालेको आरोपमा आइतवार ११ हजार रुपैया जरिवाना गरिएको छ ।

महानगरपालिकाले पहिलो पटक चेतावनी दिएको र दोश्रो पटक ५ हजार जरिवाना समेत गरि सकेको अवस्थामा पुनः एन आई सी एसिया बैकले अटेरी गर्दै सडकमा फोहोर फालेपछि ११ हजार रुपैया जरिवाना गरिएको वीरगंज महानगरपालिकाका सरसफाइ अधिकृत सर्फुदिन मियाँ ले जानकारी दिएका छन् । बैक जस्तो जिम्मेवार संस्थाबाट यसरी पटकपटक फोहोर गर्नु कानुन र मर्यादाको विपरीत भएकोले अब उप्रान्त फ्यालिएको भेटिएमा २५ हजार देखि २ लाख सम्म जरिवाना गरिने बीरगंज महानगरपालिकाका वृक्षारोपण सरसफाइ पार्किङ संयोजक प्रकाश खेतान ले बताए ।

बीरगन्ज महानगर पालिकाले सरसफाइ मा प्राथमिकता मा राखी अभियाननै चलाएको खेतानले बताए । ५ सय रुपैया बाट सुरु गरेको जरिवाना १ हजार, ५ हजार हुदै आइतवार एन आइ सी एशिया बैक बीरगन्ज शाखालाई ११ हजार जरिवाना गरेको यो पहिलो हो । महानगरले विगत एक साता यता नगर क्षेत्र भित्र जथाभावी फोहोर फाल्ने झण्डै २ सय भन्दा बढीलाई जरिवाना सहित कारवाही गरेको खेतानले बताए ।

जरिवाना गर्न थालिएपछि बीरगंजको मुख्य बजारक्षेत्रको सरसफाईमा उल्लेख्य सुधार आएको छ ।

# प्रजातन्त्र दिवसको अवसरमा वीरगंजमा दस कैदिबन्दिहरुको सजाय मिनाहा

मधेशदृष्टि
वीरगंज, ७ फागुन ।
७३ औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा आइतवार बीरगंज कारागारमा रहेका १० जना पुरुष कैदीबन्दिहरुको सजाय मिनाहा भएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिस अनुसार प्रजातन्त्र दिवसको अबसर पारी आइतवार राष्ट्रपति विद्यादेवी भण्डारीले देशभरका ५ सय १ जना कैदीको बाँकी कैद मिनाहा गर्ने निर्णय गरेकोमा बीरगंज कारागारका १० जना कैदीको सजाय मिनाहा भएको बीरगंज कारागारका सूचना अधिकारी नवराज बर्तौलाले बताए ।

बीरगन्ज कारागारबाट बाँकी सजाय मिनाहा भएर आइतवार रिहा भएका कैदीबन्दीहरुमा कर्तव्य ज्यान मुद्दाका १ जना, सवारी ज्यान मुद्दाका ६ जना, चोरी मुद्दाका १ जना, लापरवाहीबाट मानिसको ज्यान मुद्दा १ जना, हातहतियार खरखजना मुद्दा १ जना गरी १० जनालाई सजाय माफी भई आइतवार जेल मुक्त भएको सुचना अधिकारी बर्तौलाले जानकारी दिएका छन् ।

कारागार मुक्त हुनेमा वीरगंजका गणेश साह तेली, पर्सा जगरनाथपुरका सहदेव महतो, वारा जितपुरका नागेन्द्र चौधरी, मकवानपुर हेटौडाका उत्तम ज्योति बज्रचार्य, वारा प्रसौनीका योगेन्द्र प्रसाद साह, पर्सा ठोरीका सागर पाखिन, वारा कोल्भीका शम्भु चौधरी, वीरगंज महानगरपालिका वडानम्बर ३१ का लालेश्वर चौधरी, वीरगंज १४ का राजकपुर पटेल र पर्सा सखुवाप्रसौनीका सल्टु महतो रहेका छन ।

कैद कट्टी भएर रिहा हुनेहरुलाई कारागारले आइतवार एक कार्यक्रमका बिच पारिवारिक पुनर्मिलन र सामाजिकिकरणको प्रकृयामा सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दै बिदाई गरिएको बीरगंज कारागारका आन्तरीक प्रशासन प्रमुख दिनेश साह सोनारले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल